news 24 दैनिक

वर्ष १३ | अंक १३ | राष्ट्रिय दैनिक | २ भदौ २०८२, सोमबार भदौ कृष्ण दशमी | नेपाल संवत् ११४५ | Monday 18 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# आइभीएफ सेवा नियमनमा मापदण्ड कडा



एआई सृजित चित्र

news 24

**काठमाडौं, भदौ १**

बदलिएको जीवन शैलीसँगै दम्पतीहरूमा निःसन्तानपन बढेको छ। यस्तो भएसँगै कृत्रिम गर्भाधान र टेष्टट्युव बेबीको सेवा दिने संस्था खुल्ने क्रम बढेको छ। आईभीएफ सेवा प्रदायकको संख्या बढ्दै जाँदा उनीहरूले दिने सेवाको गुणस्तर र शुल्कमाथि प्रश्न उठेका छन्। यसलाई ध्यानमा राख्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निःसन्तान उपचार (आइभीएफ) सेवाका लागि 'निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२' स्वीकृत गरेको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मन्त्रिस्तरीय निर्णय गर्दै उक्त मापदण्ड स्वीकृत गरेका हुन्।

मापदण्ड निःसन्तान उपचार सेवा र यसका लागि आवश्यक प्रयोगशाला, जनशक्ति व्यवस्थापन तथा संवेदनशील मानिएको शुक्रकीट तथा अण्डा दान(डोनर) प्रक्रिया थप व्यवस्थित गर्नका लागि हो।

मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा सरोज शर्माले यो मापदण्डले निःसन्तान उपचार केन्द्रहरूको कानूनी आधारमा प्रभावकारी नियमन र निःसन्तान उपचार सेवामा एकरूपता ल्याउने बताए। उनका अनुसार न्यूनतम भौतिक पूर्वाधार, जनशक्ति र प्रयोगशालाको स्तर तोक्ने, सेवा शुल्कलाई पारदर्शी बनाउने तथा सेवाग्राही र दाताको अधिकार सुनिश्चित गर्ने उद्देश्यले यो मापदण्ड जारी गरिएको हो।

मापदण्डमा 'आईयूआई' र 'आईभीएफ'जस्ता विशिष्ट सेवा सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयबाट अनिवार्य रूपमा अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक अनुमति प्राप्त केन्द्रमा निःसन्तान रोग विशेषज्ञ, तालिम प्राप्त 'इम्ब्रायोलोजिष्ट' र 'एनेस्थेसियोलोजिष्ट' लगायतका दक्ष जनशक्ति अनिवार्य हुनु पर्नेछ।

भ्रूणको विकासमा प्रत्यक्ष असर पार्ने प्रयोगशाला र शल्यक्रिया कक्षको वातावरणीय गुणस्तरका लागि प्राविधिक मापदण्ड तोकिएको छ। सेवा शुल्क मन्त्रालयले निर्धारण गरेबमोजिम मात्र लिन पाइनेछ भने प्रत्येक संस्थाले १० प्रतिशत सेवा गरिब तथा विपन्न वर्गलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ। सेवाको गुणस्तर, जनशक्ति र उपकरणको अवस्थाबारे मन्त्रालयको समितिले नियमित अनुगमन गर्ने र मापदण्ड पालना नगर्ने संस्थाको अनुमति खारेज गर्नसक्ने व्यवस्था गरिएको छ।

शुक्रकीट वा अण्डा दान गर्ने दाताका लागि समेत स्पष्ट मापदण्ड तोकिएको छ। दाताको उमेर २० देखि ३५ वर्षको बीचमा हुनुपर्ने, कुनै पनि सरुवा रोग नभएको स्वास्थ्य परीक्षणबाट प्रमाणित हुनुपर्ने र विवाहितको हकमा दम्पतीको लिखित मञ्जुरीजस्ता विषयलाई अनिवार्य गरिएको छ। एक व्यक्तिले दान गर्न पाउने पटकको संख्या सीमित गरिएको छ र दाताको पहिचान पूर्णरूपमा गोप्य राख्नुपर्नेछ। साथै, कुनै पनि व्यक्तिलाई प्रलोभनमा पारी वा दबाबमा राखी दान गराउन पूर्ण रूपमा निषेध गरिएको छ।


- **'आइयूआइ' र 'आइभीएफ' सेवा सञ्चालन गर्न अनुमति लिन अनिवार्य**
- **निःसन्तान रोग विशेषज्ञ, इम्ब्रायोलोजिष्ट, एनेस्थेसियोलोजिष्टलगायत दक्ष जनशक्ति हुनैपर्ने**
- **सेवा शुल्क मन्त्रालयले निर्धारण गरेबमोजिम मात्र लिन पाइने**
- **१० प्रतिशत सेवा गरिब तथा विपन्न वर्गलाई निःशुल्क हुनुपर्ने**
- **शुक्रकीट वा अण्डा दान गर्ने दाताको उमेर २० देखि ३५ वर्ष बीचमा हुनुपर्ने**
- **विवाहितको हकमा दम्पतीको लिखित मञ्जुरी अनिवार्य**
- **दाताको पहिचान गोप्य राख्नुपर्ने, प्रलोभन वा दबाबमा दान गराउन निषेध**

तोकिएको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाले मात्र कृत्रिम गर्भाधान (इन्ट्रा-युटेरिन इन्सेमिनेसन) सेवा सञ्चालन गर्न पाउनेछन्। शरीर बाहिर भ्रूण तयार पारी पाठेघरमा प्रत्यारोपण गरिने टेस्ट-ट्युब बेबी (इन-भिट्रो फर्टिलाइजेसन) सेवा सञ्चालन गर्न सबैभन्दा कडा मापदण्ड तोकिएको छ।

कुनै पनि गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले अनुमति नलिई आईयूआई वा आईभीएफ सेवा सञ्चालन गर्न पाउने छैनन्। यो मापदण्ड जारी हुनुअघि सञ्चालनमा रहेका संस्थाहरूले ९० दिनभित्र मापदण्डअनुसार अनुमतिका लागि आवेदन दिनुपर्नेछ। मापदण्ड पूरा नगरेका संस्थाहरूलाई पूर्वाधार तयार गर्न १८० दिनसम्मको समय दिइने मन्त्रालयले जनाएको छ।

बाँकी पृष्ठ २ मा...

## 'मापदण्डले बेलगाम हुन दिंदैन'



फर्टिलिटी सोसाइटी अफ नेपाल (फेसोन)का अध्यक्ष डा. भोला रिजालले बेलगाम चलिरहेको निःसन्तान उपचार सेवालाई नियमन गर्न ल्याइएको मापदण्ड आएकोमा खुसी व्यक्त गरेका छन्।

२२ वर्ष अघि आइभीएफ भित्र्याएर पहिलो सन्तान ओममणि तामाङको जन्म दिएका डा. रिजालले तत्कालीन समयदेखि नै सरकारलाई नियम कानून, निर्देशिका बनाउनुपर्नेमा पछ्याउँदै आएको बताए। 'निःसन्तान दम्पतीहरूको सेवा ४० वर्षदेखि शुरु भएको थियो। मेरै हातबाट पहिलो बच्चा जन्मियो,' उनले भने, 'यसलाई नियमन गर्न खोजेको विषय अन्त्यमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलको सक्रियतामा आएको छ।'

बाँकी पृष्ठ २ मा...

## विदेशसचिव मिस्री कूटनीतिक भेटघाटमा



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आइतबार बाहिरिँदै भारतीय विदेशसचिव विक्रम मिस्री । *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

news 24

**काठमाडौं, भदौ १**

भारतीय विदेशसचिव विक्रम मिस्रीले प्रधानमन्त्री केपी शर्मा ओलीसँग शिष्टाचार भेट गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट भारत भ्रमणको औपचारिक निमन्त्रणा दिएका छन्।

दुईदिने भ्रमणमा आइतबार काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ओलिएका उनले प्रधानमन्त्री ओली, राष्ट्रपति रामचन्द्र पौडेल, कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल, परराष्ट्रमन्त्री आरजु राणासँग पनि भेट गरेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले विदेश सचिव मिस्रीसँगको भेटमा एक मित्र एवम् निकट छिमेकीका नाताले भारतले गरेको प्रगतिबाट नेपालले लाभ हासिल गरेको र अझ बढी लाभान्वित हुन चाहेको बताएको प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए।

'अन्तर्राष्ट्रिय शक्तिका रुपमा भारतको सामाजिक-आर्थिक र प्राविधिक क्षेत्रमा देखिएको प्रगतिबाट हामी प्रसन्न र उत्साहित छौं, एक मित्र एवम् निकट छिमेकीका नाताले भारतका प्रगतिबाट नेपालले लाभ हासिल गरेको छ र अझ बढी लाभान्वित हुन चाहन्छ,' शिष्टाचार भेटमा राष्ट्रपति पौडेलले भनेका थिए।

परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईको निमन्त्रणामा नेपाल आएका मिस्रीले कांग्रेस सभापति शेरबहादुर देउवालाई उनको निवास बुढानीलकण्ठमा भेटेका छन्। भेटमा द्विपक्षीय आपसी हितका विषयमा कुराकानी भएको देउवाका स्वकीय सचिव भानु देउवाले जानकारी दिए।

यस्तै मिस्रीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग खुमलटार निवासमा भेटेका छन्। भेटमा नेपाल-भारत आपसी सहयोगका विषयमा कुराकानी भएको छ।

आइतबार नै मिस्रीले परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग मन्त्रालयमा शिष्टाचार भेटवार्ता गरेका छन्। वार्ताका क्रममा नेपाल-भारत सम्बन्धका विविध आयामका साथै आपसी हित, पारस्परिक सम्बन्ध र साझा चासोका विषयमा कुराकानी भएको राससले जनाएको छ।

मन्त्री डा राणाले भारतसँगको सम्बन्धलाई नेपालले सधैं उच्च महत्त्व दिंदै आएको बताउँदै विकास साझेदारका रूपमा आर्थिक, प्राविधिकसहित विभिन्न क्षेत्रमा गर्दै आएको सहयोगका लागि भारत सरकारलाई धन्यवाद दिएकी छन्। उनले दुई देशबीचमा 'कनेक्टिभिटी' बढाउने क्रियाकलापका साथै विभिन्न क्षेत्र र तहमा द्विपक्षीय भेटवार्ता, उच्चस्तरीय भ्रमण तथा कूटनीतिक संलग्नता बढेकामा खुसी व्यक्त गरेको उनको सचिवालयले जनाएको छ।

मन्त्री राणाले पर्यटन एवं आर्थिक क्रियालापका माध्यमबाट पारस्पारिक लाभ पुग्ने क्षेत्र भएकाले रेलवे एवं स्थलमार्गका अतिरिक्त हवाईमार्गको थप विस्तार गरी हवाई सम्पर्क सञ्जाल बढाउनुपर्नेमा जोड दिइन। साथै उनले भैरहवास्थित गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय सहरबाट उडान तथा अतिरिक्त हवाई रुटका लागि आवश्यक सहयोगको वातावरण बनाउन आग्रह गरिन्। नेपालगञ्ज(दिल्ली सिधा उडानका लागि पनि आगामी दिनमा वातावरण तयार गर्नुपर्नेमा मन्त्री राणाको जोड थियो।

उनले भारत सरकारको सहयोगमा निर्माण हुन लागेको धनगढीस्थित फाप्ला क्रिकेट रंगशाला निर्माणको तदारुकतामा पनि जोड दिइन्। मन्त्री राणाले नेपाल-भारत पारवहन सन्धिका विषयमा छलफल गर्दै व्यापार सहजीकरणमा पनि जोड दिएकी छन्।

बाँकी पृष्ठ २ मा...

## यो अंकमा



**स्मार्ट होइन सानो र दिगो सहर**

*अहिलेको चुनौती पहाडको जनसंख्यालाई पहाडमै स्थापित गर्नु हो। मान्छेहरु पहाडबाट बाहिर जाँदैछन्। गएकाहरु फर्केर आउने सम्भावना कम छ।*

- **बार-बेञ्च सम्बन्ध सुधार्ने प्रयास, के हो खास विवाद**
- **निजी क्षेत्रलाई पेलेर प्राधिकरणले बहादुरी देखाएको आरोप**

## 'असत्य समाचारले न्यायमा अवरोध'

काठमाडौं (संवाददाता)- सर्वोच्च अदालतले असत्य र भ्रामक समाचारले न्यायमा अवरोध पुग्ने भन्दै त्यस्तो अवस्थामा अदालतको अवहेलनाको कार बाही आकर्षित हुने चेतावनी दिएको छ।

९ सदस्यीय बृहत् पूर्ण इजलासले 'समग्र न्यायप्रणालीप्रति भ्रम र अनास्था पै दा गर्ने तथा अदालतको गरिमा र मर्यादामा आँच पुऱ्याउने' सामग्रीलाई अवहेलनायो ग्य ठहर गरेको हो । यसअघि सर्वोच्चले टिकाटिप्पणी र प्रकाशनबाट अवहेलनाको परम्परागत मान्यता उदार बनाउँदै आएको भए पनि सिधा कुरा अनलाइनद्वारा प्रसारित विवादास्पद समाचारपछि अदालत कठोर व्याख्यामा फर्किएको देखिन्छ।

फैसलाको पूर्णपाठमा भनिएको छ, गलत समाचारले न्यायकर्मीलाई हतोत्साहित गरी न्याय सम्पादनमा अवरोध गर्छ, त्यसैले प्रेस स्वतन्त्रता अदालतको अवहेलनालाई परास्त गर्न सक्दैन । विशेषगरी विद्युतीय सञ्चारमाध्यमले समाचार प्रकाशनपूर्व सत्यता प्रमाणीकरण गर्नुपर्ने सर्वोच्चले औंल्याएको छ । अदालतले स्वस्थ आलो चनालाई स्वीकार्य माने पनि अदालतप्रति अविश्वास र भ्रम सिर्जना गर्ने गतिविधि सहन नसकिने स्पष्ट पारेको छ।

# विद्युत् प्राधिकरणको नाफामा भारी गिरावट



नेपाल फोटो लाइब्रेरी

विद्युत प्राधिकरणको वार्षिकोत्सव समारोहमा आइतबार ऊर्जामन्त्री दीपक खड्का र कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य।

**धना ढकाल**

**काठमाडौं, भदौ १**

व्यवस्थापनको नेतृत्व चयनमा सरकारले राजनीतिकरण गर्न नछाडेको नेपाल विद्युत् प्राधिकरणको मुनाफा घटेको छ। आर्थिक वर्ष २०८१/८२ को मुनाफामा ठूलो गिरावट आएको हो। अघिल्लो आव १४ अर्ब ४६ करोड ५० लाख रुपैयाँ मुनाफा आर्जन गरेको प्राधिकरणको मुनाफा गत आव ९ अर्ब ६ करोड ७० लाख रुपैयाँमा झरेको छ।

मुनाफा ३७.३२ प्रतिशत (५ अर्ब ३९ करोड ५० लाख रुपैयाँ) घटेको कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले प्राधिकरणको ४०औं वार्षिकोत्सव समारोहमा आइतबार सार्वजनिक गरेको वित्तीय विवरण छ। अघिल्लो आवका तुलनामा गत आव मुनाफा घट्नुमा कारण प्राविधिक रहेको उनको जिकिर छ।

विदेशी मुद्राको विनिमय दरमा भएको वृद्धि एवम् भारतलाई बिक्री गरिएको अफपिक आवरको विद्युत्को प्रतियुनिट दर न्यून रहेको कारण गत आव प्राधिकरणले गर्ने मुनाफामा गिरावट आएको कारण उनले बताए। 'गत आर्थिक वर्षमा ४५६ मेगावाटको माथिल्लो तामाकोशी ३ महिनाभन्दा बढी समय बन्द हुन पुग्यो। सुक्खायाममा पनि महँगो दरमा विद्युत् आयात गरेर आपूर्ति व्यवस्थापन गर्नु पऱ्यो,' उनले भने, 'विदेशी मुद्राको विनिमयदरमा आएको परिवर्तनले पनि विद्युत् प्राधिकरणको नाफामा गिरावट आयो।'



**कार्यकारी निर्देशक शाक्य भन्छन् - गत आव ४५६ मेगावाटको माथिल्लो तामाकोशी ३ महिनाभन्दा बढी बन्द हुन पुग्यो। सुक्खायाममा महँगो दरमा विद्युत् आयात गरेर आपूर्ति व्यवस्थापन गर्नु पऱ्यो। विदेशी मुद्राको विनिमयदरमा आएको परिवर्तनले पनि हाम्रो नाफामा गिरावट आयो।**

विशेषगरी, नेपाली रुपैयाँको तुलनामा जापानी ऐनमा भएको वृद्धिले प्राधिकरणको आम्दानीमा असर गरेको उनले बताए। साथै, प्राधिकरणको खर्चमा भएको वृद्धिले पनि नाफा कम हुन पुगेको उनले बताए। गत आव मुनाफा घटे पनि प्राधिकरणले चालु आवमा १५ अर्ब रुपैयाँभन्दा बढी मुनाफा आर्जन गर्ने दाबी शाक्यले प्रस्तुत गरे।

सरकारले विद्युत् प्राधिकरणलाई दिने बजेट घटाउँदै लगेकाले प्रसारण तथा वितरण प्रणालीका आयोजनामा लगानी बढाउन ऋण लिने तयारी भइरहेको उनले बताए। प्राधिकरणले अघिल्लो आव १४ अर्ब ४६ करोड ५० लाख रुपैयाँ मुनाफा आर्जन गरेको थियो। गत आवको मुनाफा ९ अर्ब ६ करोड ७० लाख रुपैयाँमा झरेको छ। यो अघिल्लो आवका तुलनामा ३७.३२ प्रतिशत कम हो।

यस्तै, प्राधिकरणको कुल सम्पत्ति भने बढेको छ। ६.२ ले वृद्धि भई ६ खर्ब ८४ अर्ब ९१ करोड रुपैयाँ पुगेको हो। सरकारी अनुदान, सडक बत्ती अनुदान तथा ट्रंक लाइनको बक्यौताबाहेक प्राधिकरणको औसत संकलन अवधि ४५.८४ दिन छ।

- **१७ अर्ब ४७ करोडको निर्यात, १२ अर्ब ९ करोडको आयात**
- **राष्ट्रिय प्रसारण प्रणालीमा ४३४ मेगावाट विद्युत् थप**
- **२५३ सर्किट किमि प्रसारण प्रणाली विस्तार**
- **विद्युत् जडित क्षमता ३६०० मेगावाट पुग्यो**
- **देशभर विद्युतीकरण ९८ प्रतिशत, ५७ लाख घरमा राष्ट्रिय प्रसारण**
- **गत आव कुल आम्दानी १ खर्ब ३८ अर्ब ८७ करोड, खर्च १ खर्ब २ ९ अर्ब ८१ करोड**

विद्युत् प्राधिकरणले ५ एम्पियर क्षमतासम्मका करिब २० लाख ७३ हजार ५१४ ग्राहस्थ ग्राहलाई कुल १७ करोड ६७ लाख ११ हजार युनिट विद्युत् निःशुल्क उपलब्ध गराएको थियो। विद्युत् प्राधिकरणको औसत बिक्री दर प्रति युनिट ९.४४ रुपैयाँ छ।

बाँकी पृष्ठ २ मा...



# पिपुल्स च्वाइसतर्फ पाँच खेलाडी मनोनयनमा

काठमाडौं। बाइसौं संस्करणको एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ अन्तर्गत पिपुल्स च्वाइस विधाका पाँच खेलाडीको मनोनयन सार्वजनिक गरिएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) द्वारा आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उसुका विजय सिन्जाली, टेबलटेनिसकी इभाना थापा, भलिबलका हिमाल सुनारी, क्रिकेटकी पूजा महतो र फुटबलकी रेखा पौडेल मनोनयनमा परेको जानकारी दिइएको हो।

त्यस्तै, मञ्च र विद्युतीय भुक्तानी सेवाप्रदायक कम्पनी आइएमई खल्तीबीच आइतबारै भोटिङ पार्टनरका रूपमा प्रायोजन सम्झौता पनि भएको छ। मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र आइएमई खल्तीका चिफ कमर्सियल अफिसर आशिष गौतमले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्।

मनोनयनमा परेकी रेखाले पिपुल्स च्वाइसको मनोनयनमा पर्दा एकदम खुशी लागेको र आफ्नो एक सपना पूरा भएको बताइन्। यसैगरी, उसु विधाका खेलाडी विजयले उसु खेल अन्य खेलजस्तै लोकप्रिय नभए पनि आफूले यस खेललाई चर्चित बनाइराख्न मेहनत गरिरहेको बताए। पिपुल्स च्वाइस विधाका विजेता चयन आयोजक मञ्चसँग आबद्ध खेल पत्रकार, विभिन्न खेलका राष्ट्रिय प्रशिक्षक, सामाजिक सञ्जालका समर्थक र डिजिटल वालेट आईएमई खल्तीमा प्राप्त मतका आधारमा हुनेछ।

५० प्रतिशत मतभार रहने डिजिटल वालेट आईएमई खल्तीमा भोटिङ आइतबारदेखि नै सुरु भइसकेको छ। यसैगरी, सामाजिक सञ्जाल फेसबुक मतभार २५ प्रतिशत (एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको आधिकारिक फेसबुक पेज र पल्सर नेपालको आधिकारिक पेजबाट गर्नुपर्नेछ), नेपाल ओलम्पिक कमिटीमा आबद्ध राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षकको मतभार १२.५ प्रतिशत र नेपाल खेलकुद पत्रकार मञ्चका सदस्यको मतभार १२.५ प्रतिशत रहनेछ।

यो विधाका विजेताले पल्सर मोटरबाइक जित्नेछ। गत वर्ष सर्वाधिक मत ल्याएर पिपुल्स च्वाइसको अवार्ड भलिबलकी कविता भट्टले जितेकी थिइन्। एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ मा कुल १० विधामा अवार्ड प्रदान गरिने छ। जसमा पिपुल्स च्वाइससँगै वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ द इयर र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड छन्। पल्सर स्पोर्टस् अवार्ड यही भदौ २९ गते पोखरामा हुँदैछ।

### मनोनयन पर्ने खेलाडी

**विजय सिन्जाली (उसु)**

विजयले जापानको योकोहामामा सम्पन्न तेस्रो थाउलु विश्वकपमा कांस्य पदक जितेका थिए। त्यसैगरी, साउदी अरेबियाको रियादमा भएको विश्व कम्ब्याट च्याम्पियनसिपमा कास्य, चीनमा सम्पन्न दुई अन्तर्राष्ट्रिय आमन्त्रण उसु च्याम्पियनसिपमा तुइलेन विधामा तेस्रो स्थान र जियान्सु विधामा आठभित्र पर्न सफल भएका थिए।

**इभाना थापा (टेबलटेनिस)**

इभानाले दक्षिण एसियाली टेबलटेनिसमा चार पदक एकलमा तेस्रो, गर्ल्स डबल्समा दोस्रो, गर्ल्स टिममा दोस्रो, मिक्स डबल्समा तेस्रो हुँदै पदक जित्न सफल भएकी थिइन्। त्यस्तै २७औं एसियाली टेबलटेनिस च्याम्पियनसिपमा काजकिस्तानविरुद्धको खेल जित्न सफल इभाना ओलम्पिक क्वालिफायरमा सेमिफाइनलसम्म पुगेकी थिइन्।

**हिमाल सोनारी (भलिबल)**

हिमालले पाँचौं टाइगर कप भलिबल च्याम्पियनसिपका उपविजेता टोलीका सदस्य, तेस्रो टाइगर कप भलिबलमा च्याम्पियन गण्डकी प्रदेश टोलीका महत्त्वपूर्ण सदस्य हुन्।

**पूजा महतो (क्रिकेट)**

पूजा आईसीसी यु-१९ महिला विश्वकप क्रिकेटमा एसिया छनोटमा च्याम्पियन भएर यु-१९ विश्वकपमा खेल्ने टोलीकी कप्तान हुन्। पहिलोपल्ट विश्वकप खेलेका नेपाली टोलीका लागि छनोटमा ब्याट र बल दुवैबाट उत्कृष्ट प्रदर्शन दिन सफल खेलाडी पूजा शतक बनाउने महिला खेलाडी समेत हुन्। एसीसी महिला यु-१९ एसिया कपमा नेपालले पाकिस्तानलाई ६ विकेटले हराएर इतिहास बनाउँदा उनी उत्कृष्ट प्रदर्शन गर्न सफल खेलाडी हुन्।

**रेखा पौडेल (फुटबल)**

रेखा एएफसी महिला च्याम्पियन्स लिग खेल्ने नेपालकी पहिलो खेलाडी हुन्। यूएईको अबुधाबी कन्ट्री क्लबमा आबद्ध भई डेब्युमै लाओसको योङ एलिफेन्ट्सविरुद्ध निर्णायक गोल गर्न सफल खेलाडी रेखाले वैकल्पिक खेलाडीका रूपमा खेल्दै साउदी अरेबियाको अल नासरविरुद्धको १-० को जितमा निर्णायक गोल गरेकी थिइन्।

रेखा साफ महिला च्याम्पियनसिप २०२४ मा सात गोलसहित सर्वाधिक गोलकर्ता बन्न सफल खेलाडी हुन। उनले माल्दिभ्सविरुद्ध एक्लैले पाँच गोल तथा श्रीलंकाविरुद्ध दुई गोल गरेकी थिइन्।

*रासस*

## आइभीएफ सेवा...

तोकिएको समयमा मापदण्ड पूरा नगर्ने वा निर्देशन पालना नगर्ने संस्थाको सेवा बन्द गर्न सकिनेछ।

सेवा शुल्क 'स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७' अनुसार निर्धारण गरिनेछ। तोकिएको भन्दा बढी शुल्क लिने संस्थाको दर्ता खारेजसम्मको कारबाही हुन सक्ने मापदण्डमा छ। सेवाको गुणस्तर नियमन गर्न स्वास्थ्य मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुखको संयोजकत्वमा एक अनुगमन समिति गठन गरिनेछ। समितिले वर्षमा कम्तीमा दुईपटक अनुगमन गर्नेछ।

'निःसन्तानपन एक संवेदनशील स्वास्थ्य समस्यामात्र नभएर गहिरो सामाजिक र मनोवैज्ञानिक विषय पनि हो,' महाशाखा प्रमुख डा. शर्माले भने, 'मापदण्डले निःसन्तान उपचार सेवालाई थप सुरक्षित, पारदर्शी र अन्तर्राष्ट्रियस्तरको बनाउन लागि एक कोशेढुंगाका रूपमा काम गर्ने छ।' डा शर्माले मापदण्डबमोजिम सेवा प्रदायकलाई पूर्ण जिम्मेवार बनाइने उल्लेख गरे। तोकिएको मापदण्ड पालना नगर्ने जोसुकैलाई कडा कानूनी दायरामा ल्याउने उनले बताए। मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले प्रजनन स्वास्थ्यको क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन यस मापदण्डले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। 'पछिल्लो समय निःसन्तानपनको समस्या बढ्दो छ। तर यसको उपचार दिने संस्थाहरूको गुणस्तर र प्रक्रियामा थुप्रै प्रश्न उठेका थिए। धेरै दम्पतीहरू ठगिनसक्ने र गुणस्तरीय सेवा नपाउँदा उनीहरूको जीवन समेत जोखिममा पर्नसक्ने खतरा थियो,' उनले भने, 'यो मापदण्डले सेवालाई सुरक्षित र विश्वसनीय बनाउनेछ।'

## 'मापदण्डले बेलगाम...

निर्देशिका पूरा हेर्न नपाएको उनले बताए। तर, निर्देशिकामा के छ भन्ने सरोकारभन्दा पनि सबैलाई एउटै सूत्रमा बाँध्न खोजेकोलाई उनले सकारात्मक रूपमा लिएका छन्। यो आफूहरूले गरेको कामको प्रतिफल भएको बताएका छन्। 'यो राम्रो काम भएको छ। सरकारलाई यो मापदण्ड नियन्त्रण गर्न सजिलो भयो भन्ने होइन। यसले हामीलाई सजिलो बनाउनेछ।'

दार्चुलादेखि देशका विभिन्न भागबाट सन्तानका लागि आउने गरेका छन्। 'हामीलाई किन कसैले औंला ठड्याउने ? आखिरमा साहसिक कदम लागेको छ। सराहनीय छ।' यदि निर्देशिकामा कामै गर्न अप्ठेरो भएमा संशोधन गर्न सकिने बताए। 'संविधान त संशोधन हुन्छ भने हामी सुझाव दिन्छौं,' उनले भने।

## विदेशसचिव मिस्री...

साथै पछिल्लो समय प्लाईवुड, स्टिललगायत उत्पादनको भारत निकासीमा नेपाली निजी क्षेत्रका तर्फबाट समस्या उत्पन्न भएको भनी आएका मुद्दा र 'बीआइएस' मापदण्ड तथा यसमा परिरहेका कठिनाइबारे पनि कुरा उठाएकी थिइन्। पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाबाट दुवैतर्फ पुग्ने लाभ, बाढी र डुबान नियन्त्रणका बारेमा आगामी दिनमा सहकार्यका साथ अघि बढ्न सकिने विषयमा पनि मन्त्री राणाले जोड दिइन्।

## विद्युत् प्राधिकरणको...

अनलाइन भुक्तानीमार्फत अघिल्लो आव २७ अर्ब ४४ करोड रुपैयाँ संकलन भएकोमा आव २०८१/८२ मा यस्तो रकम ३४ अर्ब ३३ करोड रुपैयाँ पुगेको छ।

**४३४ मेगावाट विद्युत् प्रसारण प्रणालीमा थप**

आव २०८१/८२ मा राष्ट्रिय प्रसारण प्रणालीमा ४३४ मेगावाट विद्युत् थपिएको छ। प्राधिकरणका सहायक कम्पनीमार्फत निर्माण भएका एवम् निजी क्षेत्रले निर्माण गरेका जलविद्युत् तथा सौर्य आयोजनाबाट उत्पादित बिजुली प्रसारण प्रणालीमा थपिएको हो। थपिएको विद्युत्मध्ये प्राधिकरणका सहायक कम्पनीका आयोजनाको १५३.५ मेगावाट उत्पादन थपिएको शाक्यको वार्षिक प्रतिवेदनमा छ।

निजी क्षेत्रका आयोजनाबाट २८०.५ मेगावाट विद्युत् प्रसारण प्रणालीमा थपिएको छ। गत आव चिलिमे जलविद्युत्को सहायक रसुवागढी हाइड्रोपावर कम्पनीले निर्माण गरेको १११ मेगावाटको रसुवागढी, साञ्जेन जलविद्युत् कम्पनीले अन्तर्गत ४२.५ मेगावाटको साञ्जेन आयोजना प्रसारण प्रणालीमा जोडिएको छ।

प्राधिकरणको सहायक चिलिमे मध्यभोटेकोशी कम्पनीद्धारा निर्माणाधीन १०२ मेगावाट क्षमताको मध्यभोटेकोशी आयोजनाको निर्माण सम्पन्न भई परीक्षणको अन्तिम चरणमा छ। राहुघाट (४० मेगावाट), तनहुँ जलायश (१४० मेगावाट), त्रिशूली-३ 'बी' (३७ मेगावाट), रोल्वालिङ (२२ मेगावाट), तामाकोशी पाँचौं (९९.८ मेगावाट), माथिल्लो मोदी 'ए' (४२ मेगावाट), माथिल्लो मोदी (१८.२ मेगावाट) लगायत आयोजना पनि प्राधिकरणले सहायक कम्पनीमार्फत निर्माण गरिरहेको छ।

यस्तै, निजी क्षेत्रले सञ्चालन गरेका आयोजनाहरूको संख्या २०४ पुगेको छ। यी आयोजनाहरूको कुल जडित क्षमता २ हजार ९२९ मेगावाट छ। ४ हजार ३०३ मेगावाटका १४२ वटा आयोजनाहरू वित्तीय व्यवस्थापन सम्पन्न भई निर्माणका चरणमा छन्। ४ हजार २०३ मेगावाटका १४८ आयोजना निर्माण चरणको विभिन्न प्रक्रियामा छन्। प्राधिकरणले गत आव ३१ वटा आयोजनाको ९३२ मेगावाट जलविद्युत् आयोजनासँग विद्युत् खरिद सम्झौता (पीपीए) गरेको छ। १७० मेगावाटका ८ वटा सौर्य विद्युत् आयोजनाको पनि पीपीए गरिएको छ।

यससँगै प्राधिकरणले पीपीए गरेका निजी क्षेत्रका आयोजनाको संख्या ४९४ पुगेको छ। यी आयोजनाको जडित क्षमता ११ हजार ४३६ मेगावाट पुगेको शाक्यले वार्षिकोत्सव समारोहमा बताए।

**२५३ सर्किट किलोमिटर प्रसारण लाइन थप**

प्राधिकरणले आव २०८१/८२ मा २५३ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण गरी प्रसारण प्रणाली विस्तार गरेको छ। गत आव सर्किट २५३ किलोमिटर थप भई प्रसारण लाइनको कुल लम्बाइ ६ हजार ७६० सर्किट किलोमिटर पुगेको छ। अहिले २ हजार ३४ सर्किट किलोमिटर प्रसारण लाइनका आयोजना निर्माणाधीन अवस्थामा रहेको पनि शाक्यले बताए।

यस्तै, प्राधिकरणको सबस्टेसन क्षमता पनि १ हजार ७३ एमभीए थप भई कुल १४ हजार १२३ एमभीए पुगेको छ। ६ हजार ३३८.५० एमभीए क्षमताका सबस्टेसनहरू विभिन्न जिल्लामा निर्माणाधीन छन्। गत आर्थिक वर्षभरमा न्यू खिम्ती-बाह्रबिसे ४०० केभी, चिलिमे-त्रिशूली २२० केभी, न्यू बुटवल-बर्दघाट २२० केभी, ढुंगेसाँघु-वसन्तपुर २२० केभी र ढल्केवर-लोहरपट्टी १३२ केभी प्रसारण लाइन निर्माण पुरा भई सञ्चालनमा आएका छन्।

यसैगरी, मार्किचोक, उदिपुर र बाह्रबिसे २२०/१३२ केभी सबस्टेसन, ढल्केवर-लोहरपट्टी १३२ केभी, मूलपानी १३२/११ केभी सबस्टेसन, प्रसौनी १३२/११ केभी सबस्टेसन र अमलेखगञ्ज १३२/६६/११ केभी सबस्टेसन पनि निर्माण सम्पन्न भई सञ्चालनमा आएको शाक्यले जानकारी दिए। मलेखु १३२/३३ केभी सबस्टेसनको विस्तार सम्पन्न भएको छ।

यस्तै, गत आव ४७३ एमभीए क्षमता बराबरका १४ वटा ३३/११ केभी सबस्टेसन र ९ हजार ३३६ सर्किट किलोमिटर वितरण लाइन थप भएको छ। त्यस्तै ३३८ एमभीए क्षमता बराबरको ३ हजार १५१ वटा वितरण ट्रान्सफर्मरहरू थप गरिएको शाक्यले बताए। वितरण लाइनहरूको कुल लम्बाइ २ लाख १८ हजार ६६ सर्किट-किलोमिटर र वितरण सबस्टेसनको क्षमता २ ९९७ एमभीए नाघेको छ। मिटरिङ तथा बिलिङ प्रणालीमा स्मार्ट मिटर तथा स्मार्ट ग्रिड प्रविधिको प्रयोग गरी एडभान्स मिटरिङ इन्फ्रास्ट्रक्चर (एएमआई) लागू गरिएको छ।

**वैदेशिक व्यापारबाट साढे ४ अर्ब नाफा**

प्राधिकरणले गत आव बर्खायाममा भारत र बंगलादेशमा विद्युत् निर्यात गरी १७ अर्ब ४७ करोड रुपैयाँ आम्दानी गरेको छ। प्राधिकरणले भारतसँग पावर एक्चेन्ज मार्केट (डे-अहेड र रियल टाइम मार्केट), मध्यम अवधि द्विपक्षीय सम्झौता तथा भारत-नेपाल विद्युत् आदान-प्रदान संयन्त्रमार्फत विद्युत् निर्यात गरी यति आम्दानी गरेको हो।

प्राधिकरणले आयातको तुलनामा बढी विद्युत् निर्यात गरेको बताउँदै शाक्यले सुक्खायाममा विद्युत् आयात गर्दा १२ अर्ब ९ करोड रुपैयाँ खर्च देखाएको छ। विद्युत् आयातभन्दा परिमाणका हिसाबले बढी निर्यात भएकाले ४ अर्ब ५७ करोड रुपैयाँ खुद नाफा आर्जन भएको बताए।

यस्तै, हालै विद्युत् प्राधिकरणले प्रस्ताव गरेका ३० वटा जलविद्युत् केन्द्रहरूलाई विद्युत् निर्यातको अनुमति दिएको र अब निर्यात हुने विद्युत् परिमाण १०१० मेगावाट पुगेको पनि शाक्यको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

**विद्युत् जडित क्षमता ३६०० मेगावाट**

राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् जडित क्षमता ३६०० मेगावाट पुगेको छ। गत आव राष्ट्रिय प्रसारण प्रणालीमा यति विद्युत् जोडिएको हो। यो वर्ष राष्ट्रिय प्रसारण प्रणालीमा १५ हजार ६४१ गिगावाट घण्टा विद्युत् उपलब्ध भएको जानकारी कार्यकारी निर्देशक शाक्यले दिएका छन्।

राष्ट्रिय प्रसारण प्रणालीमा अहिले उपलब्ध विद्युत्मध्ये निजी क्षेत्रले निर्माण गरी उत्पादन गरिरहेका आयोजनाको हिस्सा ५५ प्रतिशत छ। प्राधिकरण एवम् तथा सहायक कम्पनीहरूको योगदान ३४ प्रतिशत छ। सुक्खायाममा मागको अनुपातमा आपूर्ति अपुग भएको ११ प्रतिशत विद्युत् भारतबाट आयात गरी आपूर्ति व्यवस्थापन गरिएको शाक्यले बताए।

मुलुकको आन्तरिक विद्युत् खपत अघिल्लो आजका तुलनामा १०.७ प्रतिशत बढेर ११ हजार ३१९ गिगावाट घण्टा पुगेको पनि उनले जानकारी दिए। भारततर्फ भएको विद्युत् निर्यात गत आव अघिल्लो आवका तुलनामा २२.३३ प्रतिशत बढेको छ। नेपालबाट २ हजार ३८० गिगावाट घण्टा विद्युत् निर्यात हुँदा पछिल्लो १ वर्षमा १७१२ गिगावाट घण्टा विद्युत् आयात गरिएको छ।

गत आर्थिक वर्षमा नेपालले आयातभन्दा बढी विद्युत् निर्यात गरेको छ। यो वर्ष ६६८ गिगावाट घण्टा खुद विद्युत् निर्यात भएको शाक्यले बताए। गत आवको असार १८ मा प्राधिकरणको प्रसारण प्रणालीमा विद्युत्को उच्च माग २ हजार ९०१ मेगावाट रेकर्ड भयो। जसमध्ये २ हजार २१४ मेगावाट स्वदेशमै खपत भएको भयो भने ६८७ मेगावाट भारततर्फ निर्यात भएको प्राधिकरणले जनाएको छ।

**राष्ट्रिय प्रसारण उपयोग गर्ने ग्राहक ५७ लाख नाघे**

देशभरमा ९८ प्रतिशत विद्युतीकरण हुँदा ५७ लाख घरधुरीमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पहुँच पुगेको छ। गत आव प्राधिकरणको ग्राहक संख्या अघिल्लो वर्षको तुलनामा ४.६ प्रतिशत वृद्धि भई ५७ लाख १ हजार ग्राहकमा पुगेको हो। यो संख्यामा सामुदायिक ग्रामीण विद्युतीकरणमार्फत सेवा लिइरहेका झण्डै ४ लाख ७० हजार ग्राहकहरू समावेश छैनन्।

कुल ग्राहक संख्यामध्ये घरेलु ग्राहकहरूको हिस्सा ९१.०८ प्रतिशत, औद्योगिक ग्राहकको हिस्सा १.२३ प्रतिशत तथा अन्य ग्राहकहरूको हिस्सा ७.६९ प्रतिशत छ। प्रतिव्यक्ति वार्षिक विद्युत् खपत ४२० युनिटबाट बढेर ४६५ युनिट पुगेको छ। विद्युत् चुहावटमा ०.४७ प्रतिशतले कमी आई गत आव १२.२६ प्रतिशत कायम भएको शाक्यले बताए। प्राधिकरणको औसत विद्युत् बिक्री प्रति ग्राहक १८७३ युनिटबाट वृद्धि भई गत आव प्रति ग्राहक १९७८ युनिट पुगेको छ।

**१ खर्ब २५ अर्ब बढी आम्दानी**

विद्युत् प्राधिकरणले गत आव विद्युत् बिक्रीबाट १ खर्ब २५ अर्ब २७ करोड ७० लाख आम्दानी गरेको छ। भारत तथा बंगलादेशमा गरेको निर्यात बापतको १७ अर्ब ४७ करोड १० लाख रुपैयाँसहित यति आम्दानी गरेको शाक्यले बताए। यो आम्दानी गत आव अघिल्लो आवका तुलनामा ८.४६ प्रतिशतले बढी हो। अन्य स्रोतबाट प्राप्त आम्दानीसहित गत आव कुल आम्दानी १ खर्ब ३८ अर्ब ८७ करोड रुपैयाँ थियो। गत आव प्राधिकरणको कुल सञ्चालन खर्च ९७ अर्ब ७८ करोड ७० लाख रुपैयाँ पुगेको छ। विद्युत् खरिद बापतको मात्र खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ११.७३ प्रतिशत वृद्धि भई ७७ अर्ब १० करोड रुपैयाँ पुगेको छ। अन्य मुख्य खर्चहरूमा उत्पादनतर्फ २ अर्ब ७ करोड रुपैयाँ, प्रसारणतर्फ ३ अर्ब २४ करोड, वितरणतर्फ १२ अर्ब २२ करोड र रोयल्टीतर्फ १ अर्ब ८४ करोड रुपैयाँ छ। साथै, यी खर्चहरूको अलावा ब्याज खर्च, ह्रास कट्टी खर्च, वैदेशिक विनिमयमा भएको नोक्सानीसहित गत आवको कुल खर्च १ खर्ब २९ अर्ब ८१ करोड रुपैयाँ रहेको प्राधिकरणले जनाएको छ।

# बार-बेञ्च सम्बन्ध सुधार्ने प्रयास



एआई सृजित चित्र

**संवाददाता**
**काठमाडौं, भदौ १**

कानून व्यवसायीहरूको संगठन नेपाल बारको असन्तुष्टिका कारण बेञ्च (न्यायाधीश समुदाय)सँगको सम्बन्ध पछिल्लो समयमा बिग्रँदै गएको छ। बार र बेञ्चबीचको सम्बन्ध सुधारको प्रयासमा न्याय परिषद्का दुई सदस्यसँग नेपाल बारले आइतबार छलफल गरेको छ। नेपाल बार एशोसिएसनले न्यायाधीश नियुक्ति, न्याय परिषद् नियमावली संशोधनलगायतका विषयमा आन्दोलन, असन्तुष्टि जनाउँदै आएपछि बार र बेञ्चको सम्बन्ध बिग्रँदै गएको हो।

न्याय सम्पादनमा महत्त्वपूर्ण मानिने न्यायाधीश र कानून व्यवसायीको सम्बन्धमा बेलाबेला खटपट हुने गरेको छ। गतसाता बसेको बार केन्द्रीय कार्यसमिति बैठकले न्यायाधीश नियुक्ति गर्ने न्याय परिषद्सँग छलफल गर्ने निर्णय गरेको थियो। बारले न्याय परिषद्का सदस्यहरू दामोदर खड्का र महेश नेपालसँग छलफल गरेको हो। वरिष्ठ अधिवक्ता खड्का नेपाल बारको सिफारिसमा न्याय परिषद् सदस्यमा नियुक्त भएका थिए। अर्का वरिष्ठ अधिवक्ता नेपाल प्रधानमन्त्रीको सिफारिसमा सदस्यमा नियुक्ति भएका थिए।

छलफलमा न्यायाधीश नियुक्ति, न्याय परिषद् नियमावलीको संशोधन बुँदा खारेजीको मागका विषयमा छलफल भएको नेपाल बार एशोसिएसनका महासचिव केदारप्रसाद कोइरालाले बताए। संशोधन नियमावली खारेजी नगरीकन न्यायाधीश नियुक्त नगर्न बारले यस अघि पनि आग्रह साथसाथै आन्दोलन पनि गर्दै आएको थियो।

'बार र बेञ्चको सम्बन्ध त्यति सुधार छैन' नेपाल बारका महासचिव कोइराला भन्छन्, 'सर्वोच्च अदालतमा संवैधानिक इजलास बस्न सकेको छैन। न्यायाधीश नियुक्तिमा पनि बारको असन्तुष्टि छ। अदालत प्रशासनमा मुद्दा दर्ता गर्न कठिन हुँदै गएको छ।' कतिपय मुद्दा अदालत प्रशासनबाट दरपीठ हुँदा कानून व्यवसायीबाट गुनासो गर्नेहरू बढेको उनले बताए। संविधान अनुसार न्यायाधीश नियुक्ति समानुपातिक र समावेशी नभएको उनको गुनासो छ। अघिल्लो साता २७ जना उच्च अदालतका न्यायाधीश नियुक्तिमा बारको तर्फबाट ६ जनाको प्रतिनिधित्व कम भएको गुनासो बारको छ।

'न्यायाधीश नियुक्तिमा प्रतिनिधित्व कम भएको, कर्णालीबाट प्रतिनिधित्व नभएको, विभिन्न जिल्लाका भनिएपछि काठमाडौंमै रहनेहरू भएको, आरक्षणअनुसार प्रतिनिधित्व नभएको, न्याय परिषद् नियमावली संशोधनबारेमा बारले विषयवस्तु राखेको न्याय परिषद्का सदस्य दामोदर खड्काले बताए। उनले नियमावली संशोधन खारेजीको विषय अदालतमा मुद्दा परिसकेको र विचाराधीन भएकाले त्यस विषयमा अदालतबाटै टुंगो लाग्ने बताए। न्यायाधीश नियुक्तिको मापदण्ड पूरा नभएकालाई पनि नियुक्ति भएको भन्दै बारले गुनासो गरेको उनको भनाइ छ।

परिषद् सदस्य खड्काका अनुसार बार बेञ्चको सम्बन्ध समय अनुसार तलमाथि परि नै रहन्छ। 'स्वाभाविक पनि हो। बेञ्चको एउटा लक्ष्य, बारको अर्को लक्ष्य छ। दुवैको उद्देश्य न्यायपालिका सुधारका लागि हो,' उनी भन्छन्, 'न्यायाधीश नियुक्ति राम्रो होस्। आफ्नो समुदायबाट धेरैजनाको प्रतिनिधित्व होस् भन्नु स्वाभाविकै हो। सामान्य रुपमा लिनुपर्छ।' आइतबार बारसँग भएको छलफल राम्रो भएको र सुधार्ने प्रयास हुने उनले बताए।

सर्वोच्च अदालतमा एकजना न्यायाधीशको पद रिक्त छ। त्यस पदमा बारको कोटाबाट हुनुपर्ने कानून व्यवसायीको माग छ। सर्वोच्चको संवैधानिक इजलासमा पनि गोला प्रक्रिया हुनुपर्ने सर्वोच्च बारले माग गरेको थियो। प्रधानन्यायाधीशसहित वरिष्ठतम ५ जना न्यायाधीश संवैधानिक इजलासमा रहेर मुद्दा छिन्दै आएका छन्। तर, संवैधानिक इजलास पनि गोला प्रक्रिया हुनुपर्ने विषयमा सर्वोच्चका न्यायाधीशहरू दुई भागमा बाँडिएका छन्। तर, नेपाल बारका महासचिव कोइरालाले संविधान अनुसार प्रधानन्यायाधीशसहित वरिष्ठतम ५ जना न्यायाधीशको संवैधानिक इजलास हुनुपर्ने तर्क राखेका छन्।

**यस्तो छ विवाद**

२०८० असोज १ मा बसेको न्याय परिषद्को बसेको बैठकले नियमावलीको एउटा बुँदा संशोधन गरी न्यायाधीशहरूको वरिष्ठताको रोलक्रममा परिवर्तन गरेको थियो। नियमावली संशोधन गर्दै मुख्य रजिष्ट्रार पदबाट न्यायाधीश हुने व्यक्तिलाई वरीयताक्रममा अघि राख्नेगरी नियमावली संशोधन गरेको थियो। न्याय परिषद् नियमावली २०७४ को नियम ११ मा इजलास कायम गर्ने, पेसी सूची तोक्ने तथा अदालतको प्रशासनिक काम कारबाही सञ्चालन गर्ने प्रयोजनको लागि वरिष्ठता कायम गर्ने व्यवस्था छ।

न्याय परिषद् नियमावली २०७४ को नियम ११ मा गरिएको संशोधनलाई लिएर नेपाल बार र परिषद्बीच जुहारी चलेको थियो। नेपाल बारले संशोधन खारेज हुनुपर्ने अडान राख्दै आएको छ। परिषद्ले स्पष्टीकरण दिँदै नियमावली संशोधन गर्नुलाई सार्वजनिक प्रशासन सञ्चालनमा उत्प्रेरणा र वृत्ति विकासका लागि महत्त्वपूर्ण भएको दाबी गरेको थियो। यता बारले संविधानविपरीत भन्दै तुरुन्त खारेज गर्न चेतावनी दिँदै आएको छ।

न्यायाधीश पदमा नियुक्ति भएको मितिको आधारमा वरिष्ठता कायम हुने यस अधिको मौजुदा व्यवस्थालाई परिवर्तन गरिएको थियो। 'मुख्य रजिष्ट्रारको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिको हकमा मुख्य न्यायाधीशपछिको क्रममा र नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिको हकमा निज विशिष्ट श्रेणीको पदमा नियुक्ति भएको मितिभन्दा पछि उच्च अदालतको न्यायाधीशमा नियुक्ति भएका व्यक्तिभन्दा अगाडिको क्रममा राख्ने गरी' संशोधन गरिएको थियो।

बारले पहिले नियुक्त भइसकेको न्यायाधीशभन्दा रोलक्रम पछि नियुक्त हुने न्यायाधीशको वरिष्ठताक्रम माथि राख्ने गरी गरिएको संशोधन संविधानविपरीत भएको निष्कर्ष निकालेको थियो।

## आजको राशिफल

**मेष:** नयाँ काम थाल्न समय राम्रो छ। आत्मविश्वास बढ्नेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ। स्वास्थ्यमा समस्या आउन सक्छ।

**वृष:** धनलाभ हुने योग छ। नोकरी वा व्यवसायमा प्रशंसा पाइनेछ। प्रेम सम्बन्ध सुमधुर हुनेछ। यात्रामा सतर्कता अपाउनु उचित हुनेछ।

**मिथुन:** सामाजिक कार्यमा सक्रियता बढ्नेछ। अध्ययनमा सफलता मिल्ने संकेत छन्। नयाँ साथी बन्न सक्छन्। आर्थिक पक्ष सामान्य रहनेछ।

**कर्कट:** पारिवारिक वातावरण सुखद रहला। व्यापारमा राम्रो नाफा आउने सम्भावना छ। मानसिक तनाव बढ्न सक्छ। संयम अपनाउनु उचित हुनेछ।

**सिंह:** साहस र पराक्रम बढ्नेछ। पद प्रतिष्ठामा वृद्धि हुनेछ। धार्मिक कार्यमा सहभागिता जनाउने मौका आउन सक्छ। खर्च भने बढ्ने योग छ।

**कन्या:** अप्रत्याशित रूपमा धनलाभको सम्भावना छ। वैदेशिक सम्पर्कबाट फाइदा हुनेछ। नयाँ अवसर प्राप्त हुनेछन्।

**तुला:** पारिवारिक मिलनको योग छ। कला, साहित्य वा सिर्जनात्मक कार्यमा प्रगति हुनेछ। स्वास्थ्यमा समस्या आउन सक्छ।

**वृश्चिक:** नयाँ योजना सुरु गर्न राम्रो समय छ। आत्मविश्वास बढ्नेछ। छिटो रिस उठ्ने बानीमा नियन्त्रण गर्नु हितकर हुनेछ। संयमित रहनु बेस होला।

**धनु:** व्यापारमा लाभ हुनेछ। दाम्पत्य जीवनमा मिठास बढ्नेछ। काममा प्रशंसा पाइनेछ। खर्च बढ्ने संकेत छ।

**मकर:** लागिपरेका काममा प्रगति हुनेछ। मान-सम्मान प्राप्ति हुनेछ। सामाजिक क्षेत्रमा प्रभाव वृद्धि हुनेछ। आर्थिक स्थिति सामान्य रहला।

**कुम्भ:** नयाँ अवसर प्रीप्तको योग छ। इष्टमित्र भेटघाट हुनेछन्। पढाइमा प्रगति हुनेछ। हतारमा निर्णय गर्दा पछुताउनु पर्ला।

**मीन:** समय अनुकूल छ। आर्थिक लाभ हुनेछ। धार्मिक कार्य वा सामाजिक कार्यमा मन जानेछ। स्वास्थ्य राम्रो रहला।



**काँधमा चढी रथ हेर्न उत्सुक बालक** : टङ्कीसिनुबारी, १ भदौः आफन्तको काँधमा चढेर श्री राधाकृष्ण रथयात्राका लागि तयारी अवस्थामा राखिएको रथ हेर्न उत्सुक बालक। केहीबेरमा ९४औँ संस्करणको रथयात्रा विराटनगरमा शुभारम्भ हुँदैछ।
*तस्बिरः अनुज सापकोटा/रासस*

# गौतमबुद्ध विमानस्थल नचल्दा डुब्यो अर्बौं लगानी

**प्रकाश न्यौपाने**
**भैरहवा, भदौ १**

सरकारले भैरहवा विमानस्थललाई अन्तर्राष्ट्रिय उडानका लागि विस्तारको योजना अघि बढाएपछि व्यापारमा फाइदा हुने भन्दै होटल रेस्टुरेन्टमा अर्बौं लगानी गरेका व्यवसायी अहिले निराश छन् । सरकारले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई बिजनेस दिन नसक्दा निराशा बढेको हो ।

व्यवसायीहरूका अनुसार विमानस्थल नचल्दा आफूहरूको अर्बौं लगानी डुबेको र थुप्रै होटल बैंक लिलामीमा चढिसकेको बताएका छन् । आइतबार सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले आयोजना गरेको छलफलमा व्यवसायीहरूले सरकारसँग विमानस्थल सञ्चालन गर्ने वातावरण निर्माण गर्न आग्रह गरेका छन् । उनीहरूले सरकारले नसक्ने भए निजी क्षेत्रलाई जिम्मा दिएर भए पनि विमानस्थल सञ्चालन गर्नुपर्ने माग राखे । नेपाल उद्योग वाणिज्य महासंघका सदस्य राजेशकुमार अग्रवालले ढिलाइ नगरी विमानस्थल तत्काल सञ्चालनमा ल्याउनुपर्ने बताए ।



कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि संघर्ष नभएर सहजीकरण गर्न निजी क्षेत्रलाई आग्रह गरेका छन् । उनले विमानस्थल सञ्चालन पर्यटन मन्त्रालयको एकल जिम्मेवारी नभइ अर्थ, परराष्ट्र, गृह, श्रमलगायत मन्त्रालयको पनि भूमिका आवश्यक पर्ने बताए ।

मन्त्री पाण्डेले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणका क्रममा भैरहवा र पोखरा विमानस्थलप्रति भारतको नकारात्मक दृष्टिकोण अन्त्य, अन्तर्राष्ट्रिय उडानका लागि रुट अनुमति र क्षेत्रीय उडान विस्तारको विषय एजेन्डामा रहेको जानकारी दिए। उनले सञ्चालनविहीन विमानस्थल निजी क्षेत्रलाई दिने व्यवस्था हवाइ ऐनमा गर्न लागिएको बताए ।

स्थानीय तहका प्रतिनिधिहरूले सरकारी उदासिनताका कारण विमानस्थल नचलेको भन्दै तीनै तहका सरकारबीच समन्वय हुनुपर्नेमा जोड दिए। नगर प्रमुख इस्तियाक अहमद खाँले लुम्बिनीको ब्रान्डिङ गरेर अन्तर्राष्ट्रिय एयरलाइन्स ल्याउन सकिने सुझाव दिए। महाप्रबन्धक प्रतापबाबु तिवारीले श्रम, भिसा र म्यानपावरका लागि काठमाडौं धाउनुपर्ने समस्याले अन्तर्राष्ट्रिय उडान हुन नसकेको बताए। उनले नेपाल एयरलाइन्समार्फत नियमित उडान सुरु गर्नुपर्नेमा जोड दिए ।

गत वर्ष ५ वटा एयरलाइन्सले छोटो समय उडान गरे पनि पछिल्ला पाँच महिनादेखि विमानस्थल सुनसान छ। सरोकारवालाहरूले गौतम बुद्धको जन्मस्थल नजिकै बनेको विमानस्थल सञ्चालन नभए मुलुककै हवाइ उड्डयन क्षेत्रमा संकट देखिने चेतावनी दिएका छन् ।

# ‘लोकतन्त्र विरोधी कानून ल्याउन सरकार उद्यत’

**किरण कर्ण**
**जनकपुरधाम, भदौ १**

नेकपा माओवादी केन्द्रकी उपाध्यक्ष पम्फा भुसालले संघीयता र समावेशी लोकतन्त्र विरोधी कानून ल्याउन वर्तमान सरकार अग्रसर रहेको आरोप लगाएकी छन् ।

जनकपुरधाममा आइतबार संचारकर्मीहरूसँग कुराकानी गर्दै पूर्वमन्त्रीसमेत रहेकी उपाध्यक्ष भुसालले वर्तमान सरकारको एकपछिका अर्का कदमहरू सुशासनको विरुद्ध, भ्रष्टाचारजन्य र आफ्ना प्रतिद्वन्द्वीहरूमाथि प्रतिशोध साध्ने, जनविरोधि भूमिसम्बन्धी कानून ल्याउने लगायतका गतिविधिले गर्दा संघीयता र समावेशी लोकतन्त्रलाई कमजोर बनाउनतर्फ सरकार उद्धत रहेको बताइन् ।

संघीय कार्यान्वयका लागि निकै महत्त्वपूर्ण मानिएको निजामति ऐन कानूनमा कुलिङ पिरियडको बेलामा कानूनमाथि छेडखानी गर्ने, संघीयता कार्यान्वयनका अर्का एक महत्त्वपूर्ण शिक्षा विधेयक अड्काएर राख्नु नै संविधानको मूल मर्म विपरीत कानून ल्याउन सरकार अग्रसर रहेको टिप्पणी गरिन् ।



उपाध्यक्ष भुसालले भनिन्, ‘सरकारको एकपछिका अर्का कदमहरू सुशासनको विरुद्ध, भ्रष्टाचारजन्य र आफ्ना प्रतिद्वन्द्वीहरूमाथि प्रतिशोध साँध्ने, जनविरोधी कानूनहरू ल्याउने, भूमिसम्बन्धी कानुन, संघीय कार्यान्वयका लागि बनेको निजामति ऐन कानूनमा कुलिङ पिरियडको बेलामा कानुनमाथि छेडखानी गर्ने, संघीयता कार्यान्वयनका अर्का एक महत्वपूर्ण शिक्षा विधेयक अड्काएको अड्काइ छ। संविधानको मूल मर्मअनुरुप कानून बनाउने कार्यान्वयन गर्ने, समावेशी लोकतन्त्रलाई बनाउनेतर्फ सरकारको ध्यान छैन। कमजोर बनाउनेतर्फ उद्यत छ।’

त्यस्तै उपाध्यक्ष भुसालले नेकपा एकीकृत समाजवादी, विप्लव नेकपा, महेन्द्र राय यादवको जनता समाजवादी पार्टीलगायतका दलहरूसित सकारात्मक वार्ता चलिराखेको बताइन् ।

उनले एकीकरणका लागि विचार र कार्यदिशा मिल्ने सबैसित एकताको हात अघि बढाएको बताइन् ।

उनले भनिन्, ‘एकीकरणका लागि विचार र कार्यदिशा मिल्ने सबैसित एकताको हात अघि बढाएको छ। नेकपा एस, विप्लव नेतृत्वको नेकपा, महेन्द्र राय यादव नेतृत्वको जनता समाजवादी पार्टीसहित सबैसित सकारात्मक वार्ता अघि बढिरहेको छ। निष्कर्ष आउन केही समय लाग्न सक्छ।’

# भन्सार छलीका सामान बरामद

वीरगञ्ज। सशस्त्र प्रहरी बल नेपाल पर्साले ४८ लाख ९१ हजार २७५ रुपैयाँ बराबरको भन्सार छलिका सामान बरामद भएको छ। प्रहरीले ब्रेजा गाडीसहित विभिन्न ठाउँबाट भन्सार छलीका सामान बरामद गरेको हो ।

प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिका वडा नं. ९ घण्टाघरचोकबाट रक्सौलतर्फ जाँदै गरेको बिआर ०१ एफई ७१९९ नंको सुजकी भिटारा ब्रेजा गाडीमा आवश्यक कागजात नभेटिएपछि वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरेको छ।

सशस्त्र प्रहरीका अनुसार सो गाडीको मूल्य अनुमानित ३० लाख रहेको छ। सशस्त्र प्रहरी बल नेपालका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायब उपरीक्षक कृष्णसिंह पुजाराले आइतबार सशस्त्र प्रहरीले विभिन्न स्थानबाट भन्सार छली गरी नेपाल भित्र्याइएको अवस्थामा १५ लाख ६९ हजार रुपैयाँ मूल्य बराबरको कपडा, बटर तथा सवारीसाधनको ‘इन्जिन’का ‘स्पेयर पार्टस’ नियन्त्रणमा लिएको जानकारी दिए।

यस्तैगरी, सशस्त्र प्रहरीले वीरगञ्ज वडा नं. १६ स्थित विभिन्न नाकाबाट भन्सार छली गरेर ल्याउँदै गरेको एक लाख ७० हजार ८८५ रुपैयाँ मूल्य पर्ने विभिन्न समान तथा मदिरासमेत नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाएको छ। *रासस*

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Ram Prasad Shrestha
Chairman

HARVEST MOON
GROUP OF COMPANIES

HARVEST MOON | SLD | WIDE SPACE INTERNATIONAL (M) SDN. BHD. | HARVEST NEPAL holidays

Harvest Moon Building, Gairidhara, Kathmandu, Tel: 977-1-4515434/4515562, info@widespaceinternational.com, www.harvestmoongroup.com

## सम्पादकीय

# सुध्र दल सुध्र

*राष्ट्रिय दलको मान्यता प्राप्तसहित ६२ वटा राजनीतिक दलले राज्यलाई बुझाउनुपर्ने कर छली गरेको समाचार सार्वजनिक भएको छ। उनीहरूले घर बहाल कर, कर्मचारीको पारिश्रमिकबाट कट्टा गरिएको १ प्रतिशत सामाजिक सुरक्षा कर र अन्य अग्रिम करजस्ता विषयमा छल गरेको भेटिएको हो। आर्थिक वर्ष २०७९/८० मा ६२ राजनीतिक दलले घर बहाल कर, सामाजिक सुरक्षा कर र अन्य अग्रिम कर गरी ३४ लाख रुपैयाँ नतिरेको पाइएको खुलेको छ। दलहरूको लेखा परीक्षण प्रतिवेदनलाई निर्वाचन आयोगले महालेखा परीक्षकको कार्यालयका निर्देशकसहित अरू लेखा परीक्षकबाट परीक्षण गराउँदा दलहरूले कर छली गरेको र दलका लेखा प्रणाली अपारदर्शी भएको प्रष्ट भएको हो।*

*प्रतिवेदनअनुसार दलहरूको लेखा प्रणाली अव्यवस्थित र अपादर्शी रहेको, दलका कार्यालयमा कार्यरत कर्मचारीको पारिश्रमिकबाट कर कट्टा गरेको, तर त्यो रकम कर कार्यालयमा जम्मा नगरेको, घरबहाल कर नतिरेकोसहितका अनियमितता ती राजनीतिक दलबाट भएका छन्। वित्तीय विवरण बुझाएका १ सय ३ वटा राजनीतिक दलमध्ये कर नतिर्ने दलको संख्या ६२ छ। यो संख्या आफैंमा उदेकलाग्दो छ, एक दुईवटा पार्टीले नबुझाएको भए एउटा कुरा हुन्थ्यो, तर अधिकांश पार्टीले कर नबुझाउनुले देश हाँक्ने जिम्मा लिएको पार्टी आफैं थितिमा बस्न नचाहेको पुष्टि भएको छ। तिनमा नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी जनता समाजवादी पार्टी र जनमत पार्टी पनि हुनु झन् आश्चर्यको विषय भएको छ।*

*पार्टीले घर बहाल नतिरेपछि कसरी बहाल कर तिर्नु भन्ने तर्क पनि आएको छ। तर कानूनी प्रावधान के छ भने कुनै पनि व्यवसायिक प्रयोजनका लागि कुनै पनि ठाउँ सित्तैमा उपयोग गरे पनि न्यूनतम कर तिर्नुपर्ने प्रावधान छ। फेरि, केही पार्टीले कति कर तिरेका विवरण किन सार्वजनिक गर्ने भन्ने तर्क पनि गरेका छन्। जो दल सुशासन र पारदर्शिताको कुरा उठाउँछ उसैले यस्तो तर्क गर्नु मनासिव हुँदैन। यो घटनाले हाम्रा दलका नेताले जति राम्रा कुरा गरे पनि आफूचाहिँ सुशासनको बाटोमा हिँड्न चाहँदैनन् भन्ने पुष्टि भएको छ।*

*संसदीय व्यवस्थामा राजनीतिक प्रवाहलाई अघि बढाउने भनेकै दलले हो। जनताबाट अभिमत लिएर राज्य सत्तामा पुग्ने पहिलो कसी नै इमानदारिता हो। जब त्यसमा प्रश्न उठ्छ भने उसको विश्वसनीयता नै कसरी कायम रह्यो र ? संसदीय व्यवस्थाको आधार उत्तरदायित्व, पारदर्शिता, कानूनको शासन, नैतिकता र जिम्मेवारी हुन्। जब यी आधारशीलामै दलहरूको चुकेका छन् भने तिनले देशलाई कसरी अघि लगाउलान् ? सार्वजनिक संकथनहरूमा संस्थागत सुशासनको धेरै चर्का कुरा हुने गरेको हामीले देख्नै भोग्दै आएको कुरा हो, तर के यी विषय राजनीतिक दलको हकमा आकर्षित नहुने हो भनेर जनताले दलहरूलाई प्रश्न गर्नु अस्वभाविक हो ?*

*दलहरूले आफूले आफैंलाई न्यायिक र लोकतान्त्रिक ढंगमा अघि बढाउन स्वमूल्याङ्कन र आत्मसमीक्षालाई अघि बढाउँदैनन् भने देशको कानूनको परिपालनामा सधैं त्रुटी भइ नै रहने छन्। स्वतन्त्र, निष्पक्ष र नियमित चुनावले जनताको विश्वास जितेर नै दलहरूले कार्यपालिका हाँक्ने अवसर पाउँछन्।*

*तर चुनाव लक्षित भएर जनताको आँखामा छारो हाल्ने दलहरूको यो प्रवृत्तिलाई रोक्नुपर्छ। साथै, यो दलहरूलाई सुशासनमा अग्रसर हुने अवसर पनि हो। भएका कमि-कमजोरीलाई सच्याएर अघि बढ्ने प्रणदलबाट हुन सकेमा त्यसले समग्रमा दललाई त फाइदा पुग्छ नै त्यसले देशलाई पनि फाइदा नै हुन्छ। हामी लोकतान्त्रिक मर्यादा पालनामा गम्भीर छौ, र लोकतान्त्रिक मूल्य आत्मसात् गर्छौं भन्ने अवसर पनि हो। त्यसैले, हाम्रो आग्रह हो अघि लाग्ने र बाटो देखाउनेले उदाहरणीय बन्न सक्नुपर्छ। राष्ट्रको नेतृत्व लिने आफैं पहिले शुद्ध भयो भने मात्र अरूबाट पनि शुद्धताको आशा गर्न सकिन्छ।*

# स्मार्ट होइन सानो र दिगो शहर



news 24 दैनिक

**नवीन गोदार**



**पहाडमा २० वटा शहर बनाउने, काठमाडौंमा चार दिशामा चार वटा शहर बनाउँछु भन्न सकिन्छ गर्न गाह्रो छ। अहिलेको चुनौती भनेको पहाडको जनसंख्यालाई पहाडमै स्थापित गर्नु हो। पहाडबाट मान्छेहरू बाहिर जाँदैछन्। विगतमा एउटा पहाडबाट अर्को पहाड जान्थे, पछि पहाडबाट तराई जाने क्रम देखियो। गएकाहरू फर्केर आएर गाउँमै बस्ने सम्भावना कम छ। त्यसैले सानो तर दिगो शहर नेपालको आवश्यकता हो।**

नेपालका शहरहरूको विकास हुनुमा विगतका प्रशासकीय केन्द्रहरूको योगदान रहेको छ। जहाँ जहाँ प्रशासकीय केन्द्र, गौंडा, मुकाम थिए, ती ठाउँमा बजार तथा वस्ती बढ्दै गयो। ती मुकामहरू जहाँ सडक पुगेको छ तिनले शहरको रूप लिए। सडक नपुगेको मुकाम भने बजार बने। त्यसरी नेपालका पहाड बस्तीको विकास भयो।

कुनै पनि ठाउँ शहर बन्न तीन-चार तत्त्वको आवश्यकता पर्दछ। पहिलो, उर्वर कृषि हो भने अन्य तत्त्वमा गैरकृषि व्यवसायको सम्भावना, आन्तरिक वा मध्यस्त व्यापारको केन्द्रको सम्भावना हो। जसरी काठमाडौं उपत्यका मध्यस्त व्यापारको केन्द्रका रूपमा उदाउँदै शहर बन्यो, त्यसरी नै नेपालका जति पनि शहर छन् ती आन्तरिक वा बाह्य व्यापारका केन्द्रका रूपमा रहेका छन्।

कुनै पनि बजार वस्ती शहरीरणतर्फ उन्मुख हुँदै जाँदा नयाँ व्यापार/व्यावसाय र सेवा क्षेत्रको सम्भावना पनि बढ्दै जान्छ। तिनै ठाउँमा कला कौशलको विकास हुन्छ। त्यो ठाउँमा थपिने नयाँ सेवा, सुविधाले नयाँ समुदायलाई आकर्षित गर्छ र क्रमशः सहर र वस्ती विकास हुँदै जान्छ। काठमाडौं उपत्यकाको विस्तार पनि त्यही रूपले हुँदै आएको हो। सन् १९७१ सम्म काठमाडौं उपत्यकाको जनसंख्याको वृद्धिदर र नेपालको ग्रामीण क्षेत्रको जनसंख्याको वृद्धिदर उस्तै थियो। तर, १९८० को दशकदेखि काठमाडौं उपत्यकाको शहरीकरण तीव्र भयो। ८० को दशकमा शिक्षा, स्वास्थ्य, आर्थिक लगायतका राष्ट्रिय क्रियाकलाप बढ्दै जाँदा देशको जनसंख्या शहरमा केन्द्रित हुँदै गयो। त्यही कालखण्डमा पहाड र तराइ जोड्ने विभिन्न सडक मार्ग बने।

सन् १९५६ मा भारतीय सहयोगमा बनेको त्रिभुवन राजपथले काठमाडौंलाई तराईसँग जोड्यो, चीनको सहयोगमा बनेको पोखरा र पश्चिम क्षेत्रलाई पृथ्वी राजमार्गले सन् १९७४ मा जोड्यो। त्यस्तै नेपालको 'लाइफलाइन' सरह भएको पूर्व-पश्चिम राजमार्गले तराईका ठाउँहरूलाई सन् १९६१ देखि जोड्दै लग्यो।

साथै, जसरी धरान धनकुटा राजमर्गले उत्तर-दक्षिण सम्पर्क बढायो, त्यसैगरी तराईका मुकामहरूको उत्तरका पहाडी क्षेत्रसँगको सम्पर्क सडकका माध्यममले विस्तार हुँदै जाँदा जनसंख्याको चहलपहल बढ्यो। नेपालको सहर विकासको अनौठो चरित्र अर्को के पनि छ देखिन्छ भने जहाँ पुगेर सडक अन्त्य हुन्छ त्यहाँ बजार बन्छ। कलान्तरमा त्यहाँबाट सडक अझ विस्तारित भएर अन्त पुग्दा विद्यमान सहर ओझेलमा परेर नयाँ गन्तव्यमा सहर विकासित हुन पुग्छ। त जहाँ सडकको अन्त्य भयो, त्यहाँ बजार बन्यो। यसरी बजार बन्ने क्रममा त्यो शहर मात्र दिगोरूपमा रहिरहन सक्यो जुन शहरमा आर्थिक आधार थियो। त्यसैले, शहरको विकासमा आर्थिक आधारको ठूलो भूमिका हुन्छ। जुन शहरमा आर्थिक स्रोतसाधन हुन्छ, त्यसको परिचालनले रोजगारीको निर्माण गर्छ र सेवा तथा वस्तुको माग बढाउँछ।

काठमाडौं उपत्यकाको दक्षिणतिरको एउटा उदाहरण हेर्दा त्यो कुरा प्रष्ट हुन्छ। दक्षिण ललितपुरलाई जोड्ने कान्तिराज पथको काम धेरै पहिला थालिए पनि विविध कारणले बन्ने सकेन। त्यो क्षेत्रको बजार चापागाउँ अर्थात् वज्रवाराहीसम्म पुगेर टुंगिन्थ्यो। पछि बाटो लेलसम्म पुग्यो, अनि बजार लेलेसम्म पुग्यो। अहिले कान्तिराजमार्ग मकवानपुरसम्म पुगेको छ। सो मार्गमा पर्ने विभिन्न ठाउँमा साना बजार विकसित हुँदैछन्। त्यही कुरा सिन्धुलीको धेरैपछि बनेको बाटोको हकमा लागू हुन्छ। नेपालको शहरीकरणको प्रकृति र प्रवृत्तिमा विविधता छ, पूर्वतिर एक प्रकारको शहरीकरणको प्रणाली छ, मध्यक्षेत्रको आफ्नै एउटा प्रणाली छ। सडकको विस्तारले देशको पूर्वी शहरी प्रणाली र मध्यक्षेत्रको शहरी प्रणाली एक अर्कासँग आबद्ध हुँदैछ। यही दुई शहरी प्रणालीभित्र देशको झण्डै ६० प्रतिशत शहरी प्रणाली आबद्ध छन्। नेपालमा नगरपालिका भनिएपछि सहर भनेर परिभाषित गरिन्छ। त्यस हिसाबले हेर्ने हो भने नेपालको ठूलो जनसंख्या शहरमा वसोवास गर्ने देखिन्छ।

शहर हुन केही मापदण्ड र आधार चाहिन्छ। एउटा मान्यता जनसंख्या हो। शहर हुन ५ हजारभन्दा बढीको वसोवास हुनुपर्छ। जनघनत्व शहर हुनको निम्ति अर्को महत्वपूर्ण आधार हो। नेपालको सन्दर्भमा १० व्यक्ति प्रति हेक्टरभन्दा बढी हुनुपर्छ भन्ने मापदण्ड निर्धारण गरिएको छ। यो आधारलाई लिने हो भने नेपालको नगरपालिका घोषणा गरिएका कैयौं पालिकाका वडाहरूमा प्रति हेक्टर १० व्यक्तिको गणना पुऱ्याउन मुस्किल छ। काठमाडौं, पाटन, भक्तपुरजस्ता शहरमा जनधत्व अधिक छ। काठमाडौंका त जनघनत्व त भारतको कलकत्ताको जस्तै नै छ। तर नयाँ वस्ती तथा शहरमा त जनघतत्व कम छ।

शहरमा अन्य विभिन्न सेवा सुविधा पनि हुनुपर्छ। भारतकै उदाहरण हेर्ने हो भने दुईतिहाइ वयस्क पुरुष जनसंख्या गैरकृषि व्यावसायमा लागेको हुनुपर्छ भनिन्छ। वस्ती पनि छिरलिएको होइन आबद्ध हुनुपर्छ भनिन्छ। नेपालको शहरीकरणको मुख्य क्रियाकलाप व्यावसायमा कृषि रहेको छ। कृषिपछि शहरीकरणको आधार व्यापार र सेवा क्षेत्र रहेको छ। पछिल्ला दिन तराईका मुख्य शहर, विराटनगर, वीरगञ्ज, नेपालगञ्जमा झण्डै दुईतिहाइ मान्छेको संलग्नता व्यापार र सेवा क्षेत्रमा रहेको छ। ती बाहेकका अन्य शहरमा कृषिको संलग्नता अधिक देखिन्छ। काठमाडौं लगायतका ठूला शहरमा कृषिको संलग्नता कम देखिन्छ भने व्यापार र सेवा क्षेत्रको संलग्नता अधिक छ।

हाम्रो शहरीकरणमा उद्योगको योगदान न्यून छ। त्यसैले नेपालका शहरहरू औद्योगिक शहर होइनन्। नेपालको पछिल्लो तथ्यांकले शहरी वासिन्दाको संख्या अधिक रहेको देखाउँछ। तर, उपर्युक्त आधारहरूलाई हेर्ने हो भने शहरी संख्या कम हुनुपर्ने हो। माथि उल्लेख भएका शहरका आधारहरूका आधारमा हेर्ने हो भने नेपालको हाराहारी ३० प्रतिशत जनसंख्या मात्रै शहरी जनसंख्या हो। हाम्रो जति पनि बजार शहर बने ती उपभोगको केन्द्रका रूपमा विकसित हुँदै आएका शहर भए। हाम्रा शहर उत्पादनका केन्द्र हुन सकेनन्। उत्पादनमा आधारित शहरहरू काठमाडौं, वीरगञ्ज, विराटनगर, नेपालगञ्ज, पोखरा लगायत हुन्। त्यसबाहेक, औद्योगिक विकासका कारण शहर बनेको पाइँदैन।

शहरको विकासमा महत्त्वपूर्ण भूमिका औद्योगिक विकासले निर्वाह गर्नुपर्ने थियो तर हाम्रो सन्दर्भमा त्यो कुरा लागु हुन सकेन। पश्चिमी युरोपमा पहिला कृषि क्रान्ति भयो, त्यसपछि औद्योगिक क्रान्ति भयो, र तेस्रो चरणमा व्यापार र पछिल्लो चरणमा बल्ल सेवा प्रदान गर्ने व्यवसायको विस्तार भयो। तर हाम्रो सन्दर्भमा उद्योगको चरणबाट एकैपटक सेवामा फड्को मार्ने गरी विकास हुँदै आयो। भारतका कतिपय शहरमा पनि यस्तै प्रवृत्ति छ। पश्चिमी युरोपमा शहरीकरणको ठूलो योगदान नै औद्योगिक विकास थियो। हाम्रो त्यो अवस्था आउनै सकेन। अब पनि बृहत् मात्राको औद्योगिक विकास हुने सम्भावना कम छ। एक त उद्योगको संख्या र क्षेत्र नै संकुचनमा परेको छ अर्को सम्भावित उद्योगको आकार पनि ठूलो छैन। ठूलो भनिएका उद्योगको रोजगारी संख्या पनि चार सय, पाँच सय हाराहारी मात्रै देखिन्छ, त्यसले शहरीकरणको विकासमा ठूलो असर गर्दैन।

त्यसकारण, हामीले अब शहरीकरणको आधारलाई प्रष्ट पार्नुपर्छ। त्यो आधारलाई सबल बनाउँदै स्वस्थ्य शहरको विकास गर्न आवश्यक तत्त्व के-के हुन् ? उपलब्ध स्रोत-साधनलाई परिचालित गर्दै कसरी अघि बढ्न सकिन्छ ? स्रोत-साधनको समुचित बाँडफाँड र व्यवस्थापन गर्न के गर्नुपर्छ भन्ने विषयहरूलाई दिशानिर्देश गर्नुपर्नेछ। तर हाम्रा नीति, योजनाले यी विषयमा चर्चा नै गर्दैन।

हाम्रो नीतिको अर्को विडम्बना भनेको यहाँ शहर बनाउने भनेर घोषणा गर्छ, नयाँ शहर यहाँ यसरी बनाउने भनेर खाका बनाउँछ। त्यो त पूर्णतः गलत अभ्यास हो। शहर त्यसरी निर्माण गर्न सकिँदैन। शहर बनाउन स्रोत साधनको उपलब्धता हुनुपर्‍यो, आर्थिक क्रियाकलाप बन्नुपर्‍यो। त्यो क्रियाकपालले सेवा र व्यापारको माग र आपूर्ति गर्ने केन्द्र वा स्थल बन्नुपर्छ। तब मात्र शहर बन्छ।

अकबरले आफ्नो पालामा दिल्ली नजिकै फत्तेपुर सिक्री शहर त बनाए तर शहर बन्न सकेन, किनभने फत्तेपुरमा पानी थिएन। त्यसैले यहाँ शहर बनाउँछु भन्दैमा शहर बन्दैन। शहरलाई चाहिने आधारभूत तत्त्व हुन्- आर्थिक आधार, जसबिना शहरीकरण हुन सक्दैन। त्यसैले, पहाडमा २० वटा शहर बनाउने, काठमाडौंमा चार दिशामा चारवटा शहर बनाउने भन्ने जुन खाका बनाइयो, त्यस अनुसार काम हुन गाह्रो छ।

मध्यम वर्गको उदयभएसँगै राम्रो ठाउँमा राम्रो प्लटिङ गर्दा वस्ती विकास हुन सक्छ तर, शहर बन्न गाह्रो हुन्छ। नेपालको अहिलेको चुनौती भनेको पहाडको जनसंख्यालाई पहाडमै कसरी स्थापित गर्ने भन्ने हो। नेपालको अहिलेको ठूलो जनसांख्यिक समस्या त्यो हो। पहाडबाट क्रमिक रूपले मान्छेहरू बाहिर जाँदैछन्। विगतमा एउटा पहाडबाट अर्को पहाडमा जान्थे, त्यसपछि पहाडबाट तराई जाने क्रम देखियो।

विगतमा विदेशको गन्तव्यमा पहिला भारतमा सीमित थियो भने अहिले गन्तव्य विविध भयो। अहिले ठूलो वयस्क नेपाली जनखंख्या खाडी मुलुक, पूर्वी एसिया लगायतका स्थानमा पुगेका छन्। ती जो गएका छन्, फर्केर आएर गाउँमै बस्ने सम्भावना कम छ। त्यसैले, सानो तर दिगो शहर नेपालको आवश्यकता हो। अब त्यसलाई कसरी पूर्ति गर्ने, अर्थात सानो र दिगो शहर निर्माण गर्नका लागि स्रोत र साधन कसरी जुटाउने, आर्थिक आधार कसरी निर्माण गर्ने भन्ने अहिलेको आवश्यकता हो। अब त्यसबारेमा हाम्रा नीति निर्माण केन्द्रित हुनुपर्दछ।

***लेखक विकासका आयाममाथि कलम चलाउँछन्।***

## जेन कथा

# साइकल



एकजना जेन गुरुले आफ्ना शिष्यहरू साइकल चढेर आइरहेको देखे। उनी छेउ शिष्य आइपुगेपछि गुरुले सोधे, 'तिमीहरू सबै जना साइकिल किन चलाउँछौ ?'

पहिलो शिष्यले भन्यो, 'मलाई आलुको बोरा ल्याउनु थियो। पिठ्यूँमा भारी नहोस् भनी साइकलमा ल्याएको हूँ।'

गुरुले त्यसको जवाफमा भने, 'तिमी बाठा छौ। तिमी बूढो भएपछि मजस्तै कुप्रेर हिँड्नुपर्ने छैन।'

'तिमीले चाहिँ किन साइकल चढ्यौ ?' गुरुले अर्को विद्यार्थीलाई सोधे।

दोस्रो विद्यार्थीले जवाफमा भन्यो, 'मलाई साइकल चलाउँदा रुख र खेतहरू सर्र आफूसँगै हिँडेको हेर्न रमाइलो लाग्छ।'

गुरुले भने, 'तिमी सधैं आफ्नो आँखा खुला राख्छौ र संसारलाई हेर्नेछौ।'

त्यसपछि, गुरुले तेस्रो शिष्यलाई त्यही प्रश्न गरे। तेस्रो शिष्यले भन्यो, 'साइकल चलाउँदा म मन्त्र जप गर्छु।'

गुरुले प्रशंसा गर्दै भने, 'तिम्रो मन कुनै नयाँ कसिएको चक्काजस्तै रमाइरहनेछ।'

चौथो शिष्यले भन्यो, 'साइकिल चलाउँदा म सबै जीवहरूसँग एकात्मकता अनुभव गर्छु।'

गुरुले प्रशन्न हुँदै भने, 'तिमी अहिंसाको स्वर्णिम पथमा हिँड्नेछौ।'

पाँचौं शिष्यले उत्तर दिँदै भन्यो, 'गुरु म साइकिल चलाउनका लागि मात्र साइकिल चलाउँछु।'

पाँचौं शिष्यको उत्तर सुनेपछि उनी शिष्यको पाउ छेउ गए। त्यहाँ उनले शिष्यलाई दण्डवत् गरेर भने, 'म तपाईंको शिष्य हूँ।'

***–अच्युत कोइराला***

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

## पाठक-मञ्च

# मोबाइलको साटो म्यूजियम

आजकल धेरै अभिभावकहरूलाई बिदामा आफ्ना बालबालिकालाई कहाँ घुमाउने भन्ने चिन्ता हुन्छ। मोबाइल, टिभी र भिडियो गेमहरूमा बालबालिका व्यस्त हुँदा उनीहरूको सिर्जनात्मक सोच, सामाजिकता र ज्ञानको विकासमा प्रभाव पर्न सक्छ। यस्तो अवस्थामा, संग्रहालय बालबालिकालाई घुमाउनको लागि उत्कृष्ट स्थान हुन सक्छ। काठमाडौं उपत्यकामा रहेका विविध प्रकारका संग्रहालयहरूले बालबालिकालाई मनोरञ्जनसहित ज्ञान दिने राम्रो अवसर प्रदान गर्छन्।

संग्रहालय भनेको ऐतिहासिक, सांस्कृतिक, वैज्ञानिक, प्राकृतिक, कलासम्बन्धी सामग्रीहरू प्रदर्शन गरिने संस्था हो। यहाँ पुराना सिक्कादेखि लिएर जीवजन्तुका नमुना, पुराना दरबार, चित्रकलादेखि आधुनिक प्रविधिसम्मका विषयहरू पाइन्छन्।

बालबालिकालाई संग्रहालय घुमाउँदा उनीहरूको ज्ञानमा वृद्धि हुन्छ। संग्रहालयमा पुरातात्त्विक सामग्री, जीवजन्तु, वनस्पति, कलाकृति आदि देख्दा बालबालिकालाई किताब बाहिरको ज्ञान पाउँछन् र उनीहरू जिज्ञासु बन्छन्। साथै, यस्ता कामले इतिहासप्रति चासो बढ्छ। यसले आफ्नो विगतबारे थाहा हुने र आफ्नो संस्कृतिप्रति गौरवको भावना विकास हुन्छ। संग्रहालय घुमाउने कामले बालमस्तिष्कमा कला र सिर्जनात्मक सोचको विकास हुन्छ। यसले उनीहरूको सिर्जनात्मकता र अभिव्यक्ति क्षमताको वृद्धि हुन्छ। आमाबाबु बालबालिकासँग घुम्दा अभिभावकले आफ्ना बच्चासँग नजिक हुने अवसर पाउँदा जसले आपसी संवाद र सम्बन्ध अझ बलियो हुन्छ।



*राष्ट्रिय संग्रहालय, छाउनी*

विज्ञहरूले बताएका छन् कि, मानविकीजस्तो सैद्धान्तिक विषयहरूलाई कलिलो बालमस्तिष्कले सजिलै बुझ्न र सम्झन नसक्ने हुन्छ। त्यसकारण बालबालिकालाई मानविकी विषयहरूको जानकारी गराउन शैक्षिक भ्रमण, स्थलगत अध्ययन आदिले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन्।

सामाजिक रहनसहन, रीतिरिवाज, चालचलन, संस्कार, संस्कृति, प्रकृति र भूगोलको जानकारीका लागि शैक्षिक भ्रमणले प्रभावकारी भूमिका खेल्छ। विभिन्न धार्मिक तथा सांस्कृतिक तीर्थस्थल, पुरातात्विवक एवं ऐतिहासिक स्मारक र सम्पदास्थलहरू, विशेष जातिगत समूह र संस्कार बाहुल्य भएको समाज, चिडियाखाना, खोलानाला, झरना, हिमाल, पहाड आदि क्षेत्र महत्ववपूर्ण भ्रमणस्थल र अनौपचारिक शैक्षिक केन्द्र हुन्। यस्ता सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको भ्रमणबाट बालबालिकाले मनोरञ्जनका साथै व्यावहारिक ज्ञान प्राप्त गर्छन्। जुन ज्ञानले जीवन, जगत्, समाज र राष्ट्रलाई हेर्ने दृष्टिकोण र चिन्तनलाई अभिवृद्धि गराउँछ।

इतिहास, संस्कृति र सभ्यताको अनौपचारिक जानकारीका लागि संग्रहालयले महत्ववपूर्ण भूमिका खेलिरहेको हुन्छ। बालमनोविज्ञान अत्यन्त जिज्ञासु स्वभावको हुन्छ। इतिहास र संस्कृतिसँग सम्बन्धित अनेकौं जिज्ञासा संग्रहालयको भ्रमणबाट समाधान हुन्छन्। साधारणतया हाम्रा पुर्खाले प्रयोग गरेका विभिन्न उपकरण हातहतियार, मूर्ति, पैसा, कागजपत्र, भोजपत्र, चित्रकला, धातुकला आदि संकलन, संरक्षण र प्रदर्शन गरिने स्थललाई संग्रहालय भन्ने गरिएको पाइन्छ।

काठमाडौं उपत्यकामा प्रशस्त संग्रहालयहरू छन् जहाँ बालबालिकालाई फुर्सदमा घुमाउन सकिन्छ। तिनमा उपत्यकाका तीन शहरको दरबार क्षेत्रमा रहेका संग्रहालयहरू पर्दछन्। भक्तपुर दरबार क्षेत्रमा रहेको भक्तपुर राष्ट्रिय कला संग्रहालयमा पौभा चित्रकला, हस्तलिपि र ऐतिहासिक वस्तुहरूको संगह्र छ। हनुमानढोका दरबार संग्रहालयमा मल्लकालीन र शाहकालीन वस्तुहरूको संग्रह छ। छाउनीमा रहेको राष्ट्रिय संग्रहालयमा प्राचीन पुरातात्त्विक सामग्री, कला र ऐतिहासिक सामग्रीको संग्रह छ। छाउनीकै राष्ट्रिय मुद्रा संग्रहालयमा पुराना सिक्का र मुद्रा इतिहाससम्बन्धी सामग्री छन्। पाटन दरबार क्षेत्रमा रहेको पाटन संग्रहालयमा मूर्तिकला र धातुकलाका प्राचीन कलावस्तु संग्रहमा रहेको छ। नारायणहिटी दरबार संग्रहालयमा पूर्वराजा-रानीसँग सम्बन्धित वस्तुको संग्रह छ।

छाउनीमै रहेको सैनिक संग्रहालयमा सेनासँग सम्बन्धित सामग्री छन्। त्यस्तै छाउनीभन्दा अलि पर स्वयम्भू नजिकै रहेको प्राकृतिक विज्ञान संग्रहालयमा जनावरहरू, चराहरू, वनस्पति, र अन्य प्राचीन अवशेषहरूको विशाल संग्रह छ। तारागाउँ संग्रहालयमा काठमाडौंबाट हराउँदै गएका पुराना भवनहरूको चित्रात्मक प्रदर्शनी भइरहेको हुन्छ भने बेलाबेला अन्य कला प्रदर्शनी पनि हुने गरेको छ।

पाटनमा रहेको ज्यापु संग्रहालयमा नेवार समुदायको परम्परा, जीवनशैली र कला वस्तु हेर्न पाइन्छ। सिनामंलगमा रहेको हवाई संग्राहलय जहाजमै बनेको छ, जहाँ हवाई इतिहास झल्किने सामग्रीहरू संग्रहमा छन्। काठमाडौंमा रहेको संग्रहालयबाहेक उपत्यकाका विभिन्न स्थानमा रहेका कलाशाला (ग्यालरी) हरू पनि अभिभावक र बालबालिका बेलाबेला सँगै घुम्न जान सकिने ठाउँ हो। त्यसैले, मोबाइलको लत छुटाउन काठमाडौंमा रहेका म्यूजियमहरूमा बालबालिकाहरूलाई घुमाउन लानु राम्रो विकल्प हो।

***जीवन्त दाहाल, काठमाडौं***



जब पृथ्वी धूमकेतु वा उल्का पिण्डहरूले छोडेको धुलोको मार्गबाट गुज्रन्छ, त्यो बेला उल्का वर्षा हुन्छ। यही उल्का वर्षाको अद्‌भूत दृश्य अवलोकन गर्दै एक अन्वेषक। *तस्बिर : एपी*

# पाकिस्तानमा पर्वतारोहण अभियान नरोकिने

**पेशावर, भदौ १**

हालै पर्वतारोहणका क्रममा विदेशी पर्वतारोहीहरूको मृत्यु भए पनि पाकिस्तानले उत्तरका पहाडहरूमा पर्वतारोहण अभियानमा कुनै प्रतिबन्ध लगाउने वा चेतावनी जारी गर्ने योजना नराखेको सरकारी अधिकारीहरूले बताएका छन्।

गिलगिटं-बालिान सरकारका प्रवक्ता फैजुल्ला फाराकले भन्नुभयो, पर्वतारोहीहरूलाई कठोर मौसम र सम्भावित जोखिमबारे पूर्ण जानकारी हुन्छ। त्यसका बाबजुद, उनीहरूले स्वेच्छाले यी चुनौती स्वीकार गरेर विश्वका अग्ला शिखरहरूमा हात हाल्छन्।'



गत मंगलबार ३७ वर्षीया चिनियाँ पर्वतारोही गुआन जिङ विश्वको दोस्रो अग्लो शिखर के-२ मा चट्टान खस्दा ज्यान गुमाएकी थिइन्। उनको शव शनिबार उद्धार टोलीले बरामद गरेको र हाल स्कार्दूको कम्बाइन्ड मिलिटरी अस्पतालमा राखिएको अधिकारीहरूले बताएका छन्।

यसअघि जर्मन पर्वतारोही तथा ओलम्पिक विजेता लौरा डाहलमेयरको पनि काराकोरम शृंखलामा मृत्यु भएको थियो।

फाराकले पाकिस्तान सरकारले पर्वतारोहण अभियानका लागि आवश्यक पूर्वाधार, उद्धार सुविधा, सुरक्षा र सहज वातावरण उपलब्ध गराउने प्रयास गरिरहेको बताउनुभयो।

'यी अभियानहरू स्थानीय अर्थतन्त्रको मेरुदण्ड हुन्, जसले प्रत्यक्ष रूपमा लाखौँ डलरको आम्दानी ल्याउँछ। हजारौँ स्थानीयले मेदेखि सेप्टेम्बरसम्म यिनै अभियानबाट आम्दानी गर्छन्', उहाँले भन्नुभयो।

हरेक वर्ष सयौँ पर्वतारोहीले उत्तरी पाकिस्तानका शिखरहरूमा आरोहण गर्ने प्रयास गर्छन्। तर, हिमस्खलन, आकस्मिक मौसम र भूस्खलनका कारण दुर्घटनाहरू सामान्य रूपमा हुने गरेका छन्। यस वर्ष मनसुन असामान्य रूपमा बढी भएकाले आकस्मिक बाढी र पहिरोले चुनौती थपेको छ। *रासस*

# एकता 'रगतले होइन, समझदारीले' हुनुपर्छ: *सिरियाली राष्ट्रपति*

दमास्कस, भदौ १- सिरियाका राष्ट्रपति अहमद अल-साराले देश एकीकरणको प्रक्रिया युद्ध र हिंसाबाट नभई समझदारीमार्फत अघि बढ्नुपर्ने बताएका छन्। उनले कुनै पनि विभाजनलाई अस्वीकार गर्दै दक्षिणमा इजरायलको प्रत्यक्ष हस्तक्षेप भएको आरोप पनि लगाए।



आइतबार प्रसारित टीभी अन्तरवार्तामा साराले भने, 'सिरियालाई एकताबद्ध गर्ने अर्को लडाइँ हाम्रो अगाडि छ, तर यो रगत र सैन्य बलले होइन, समझदारीमार्फत हुनुपर्छ। देश युद्धबाट थकित भइसकेको छ।'

स्वेदा प्रान्तमा हालै भएको प्रदर्शन र हिंसात्मक झडपलाई उल्लेख गर्दै उनले सबै पक्षबाट उल्लङ्घन भएको स्वीकार गरे। 'सुरक्षा बलका केही सदस्यले समेत गल्ती गरेका छन्। जे जसको संलग्नता भए पनि जिम्मेवारलाई जवाफदेही बनाउनै पर्छ,' उनले जोड दिँदै भने।

केही शक्तिहरू, विशेष गरी इजरायल, दक्षिणमा हस्तक्षेप गर्दै राज्यलाई कमजोर पार्ने प्रयास गरिरहेका तर सिरियालाई विभाजन गर्ने वा तोड्ने योजना असम्भव रहेको समेत उनले बताए।

स्वेदामा भएको विरोधमा केही प्रदर्शनकारीहरूले इजरायली झण्डा फहराउँदै आत्मनिर्णयको माग गरेका थिए। ड्रुज र सुन्नी बेदुइनबीचको झडप सरकारी सेनाको हस्तक्षेपपछि चर्किएको थियो। मानव अधिकार संस्थाहरूले सेनालाई ड्रुज समुदायविरुद्ध पक्षपाती भएको आरोप लगाएका छन्।

'हामी अहिले सम्झौता कार्यान्वयनका संयन्त्रबारे छलफल गरिरहेका छौं,' राष्ट्रपति साराको टिप्पणी छ।

**इजरायलमा युद्धविराम र बन्धक मुक्तिको माग गर्दै हड्ताल**

यसैबीच सिरियाको छिमेकी मुलुक इजरायलमा आइतबार हड्ताल शुरु भएको छ। हड्तालमा सहभागीहरूले गाजामा हमास लडाकूहरूले बन्धक बनाएर राखेका व्यक्तिहरूको रिहाइको माग राखेका छन्।

हड्तालका कारण यातायात अवरुद्ध भयो भने र धेरै व्यवसाय तथा कार्यालयहरू पनि बन्द भए।

हड्तालले केही हप्ताअघि लडाकूहरूले बन्धकहरूको भिडियो सार्वजनिक गरेको र इजरायलले नयाँ आक्रमणको सङ्केत दिएको परिस्थितिलाई झन् तताएको छ।

प्रदर्शनकारीहरूले गाजामा रहेका ५० जना बन्धक थप युद्धका कारण जोखिममा पर्नसक्ने बताएका छन्। अनुमानअनुसार तिनीहरूमध्ये करिब २० जना मात्र जीवित छन्।

'हामी बन्धकहरूको शवमाथि युद्ध जित्न सक्दैनौं,' भन्ने नारा लगाउँदै उनीहरूले सम्झौताको माग गरेका छन्। बन्धक तथा बेपत्ता परिवार फोरमद्वारा आयोजित कार्यक्रममा सहभागी आमा अनात एङ्ग्रेस्टले भनिन्, 'आज हामी सबै कुरा रोक्छौँ– दायाँ, बायाँ वा केन्द्र जहाँसुकै भए पनि–जीवनको मूल्य सम्झन र बन्धकहरूलाई फर्काउन यो हड्ताल सहयोगी हुनेछ।'

हालैको कदमले सरकारलाई दबाबमा पारे पनि प्रधानमन्त्री बेन्जामिन नेतान्याहु अति-दक्षिणपन्थी सहकर्मीहरूको विरोधसँगै संवेदनशील सन्तुलनमा छन्। उनका कट्टर सहयोगीहरूले हमासलाई सत्तामा रहन दिने कुनै पनि सम्झौताको समर्थन नगर्ने बताएका छन्।

यसबीच, अर्थमन्त्री बेजलेल स्मोट्रिचले हड्ताललाई 'हानिकारक अभियान' भन्दै आलोचना गरेका छन्। उनले यस्ता हड्तालका कार्यक्रमले हमासलाई फाइदा पुऱ्याउनेछ र इजरायललाई आफ्ना शत्रुहरूमाझ कमजोर बनाउने बताएका छन्।

**यमनमा इजरायली हवाई आक्रमण**

यसैगरी इजरायली सेनाले यमनमा इरान-समर्थित हुथीहरूलाई लक्ष्य बनाउँदै राजधानी साना नजिक पावर प्लान्टमाथि आक्रमण गरेको छ। यस आक्रमणलाई इजरायलले आफ्नो भूमिमा हुथीहरूद्वारा प्रक्षेपित मिसाइल र ड्रोनको जवाफ भनी व्याख्या गरेको छ।

गाजामा मानवीय अवस्थालाई लिएर संयुक्त राष्ट्रसङ्घले चेतावनी दिइरहेको बेला, इजरायलले युद्ध प्रभावित क्षेत्रहरूबाट जबरजस्ती मानिसहरूलाई हटाउन तयारी थालेको छ। यसका लागि आइतबार गाजामा थप पाल र आश्रय सामग्री पठाइएको बताइएको छ।

गाजामा युद्ध सुरु भएदेखि दशौँ हजार मानिसको मृत्यु भइसकेको छ भने अधिकांश जनसंख्या विस्थापित भएका छन्। संयुक्त राष्ट्रसङ्घका अनुसार त्यहाँ अहिले भोकमरी र कुपोषणको स्तर सबैभन्दा उच्च अवस्थामा पुगेको छ।

सन् २०२३ मा हमासद्वारा गरिएको आक्रमणमा करिब एक हजार दुई सय इजरायली मारिएका थिए। त्यसपछि इजरायलको आक्रमणमा गाजामा करिब ६२ हजार मानिस मारिएको स्वास्थ्य मन्त्रालयको तथ्याङ्क छ।

# क्यानडाको उडान सेवा पुनः सुचारु हुँदै

टोरन्टो, भदौ १ - क्यानडाको औद्योगिक सम्बन्ध समितिले एक हजार उडान कर्मचारी (फ्लाइट अटेन्डेन्ट) सहभागी रहेको भनिएको हडताल अन्त्य गर्न निर्देशन दिएको छ। निर्देशनपछि एयर क्यानडाले आइतबारदेखि उडान सुरु गर्ने जनाएको छ।

समितिले एयर क्यानडालाई १७ अगस्ट २, २५ मा दिउँसो १४:०० बजेभित्र आफ्नो काम सुरु गर्न र सबै एयर क्यानडा र एयर क्यानडा रुजका उडान स्थगित भएका छन्,' मोन्ट्रियलस्थित क्यानडा एअरलाइन्सले भनेको छ।

क्यानेडियाली सार्वजनिक रोजगार युनियन (सियुपिई) ले कामदारको आन्दोलनको नेतृत्व गर्दै आएको छ, जसले तलब वृद्धिका साथै बोर्डिङ प्रक्रियाको समयमा समेत क्षतिपूर्ति नपाएको विषयलाई सम्बोधन गर्न माग गरेको छ।

सरकारले औपचारिक रूपमा काममा फर्कन आदेश जारी नगर्दासम्म आफ्ना सदस्यहरू



सम्बद्ध कर्मचारीहरूलाई निर्देशन दिएको हो। क्यानडाको राष्ट्रिय ध्वजावाहक कम्पनीले आइतबार साँझदेखि उडान सुरु गर्ने योजना बनाए पनि उडान सामान्य अवस्थामा फर्कन अझै केही दिन लाग्ने चेतावनी दिएको छ।

आगामी सातदेखि १० दिनभित्रका केही उडान रद्द हुने बताइएको छ। एयर क्यानडाका 'क्याबिन क्रु'ले तलब विवादका कारण शनिबार बिहानैदेखि हडताल गरेका थिए।

त्यसको केही घण्टापछि क्यानडाका श्रम नीतिमन्त्री प्याटी हज्दुले हडताल रोक्न र दुवै पक्षलाई बाध्यकारी मध्यस्थता गर्न बाध्य पार्ने कानुनी प्रावधान लागू गरेकी थिइन्।

क्यानडा श्रम संहिताको धारा १०७ र औद्योगिक समितिको आदेशले एयर क्यानडाको हडताल अन्त्य गरेको छ। 'हडतालका कारण ७०० भन्दा बढी उडानहरू हडतालमा बस्ने यसअघि नै उसले बताएको थियो।

हडतालसँगै युनियनले एयर क्यानडा वा यसको कम लागतको सहायक कम्पनी एयर क्यानडा रुजको टिकट भएमा यात्रुलाई विमानस्थल नजान आग्रह गरेको थियो।

सियुपिइले तुरुन्तै काममा फर्कने निर्देशनबारे प्रतिक्रिया जारी गरेन तर क्यानडा सरकारको हस्तक्षेपलाई 'एयर क्यानडाले उनीहरूले माग गरेको कुरा दिएर निष्पक्ष वार्ता गर्न इन्कार गरेकोमा पुरस्कृत गरेको' भनेर आलोचना गरेको छ।

सियुपिइले एक विज्ञप्ति जारी गर्दै भनेको छ, 'यसले भयानक नजिर स्थापित गरेको छ।'

युनियनले औद्योगिक समितिका अध्यक्ष मेरिसे ट्रेम्ब्लेले यसअघि एयर क्यानडाका लागि कानुनी सल्लाहकारको रूपमा काम गरेको पनि उल्लेख गरेको छ।

# जेलेन्स्कीसँगै युरोपेली नेताहरू पनि अमेरिका जाँदै




**ब्रसेल्स, भदौ १**

युक्रेनमा रुसी आक्रमण अन्त्यका लागि दबाब दिन युरोपेली नेताहरू सोमबारसम्ममा वासिङ्टनको भ्रमण गर्ने भएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच भएको शिखर वार्तापछि राष्ट्रपति ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग युक्रेन युद्ध अन्त्य गर्ने सम्बन्धमा सोमबार भेटवार्ता हुने कार्यक्रम छ।

राष्ट्रपति ट्रम्पले उहाँका रूसी समकक्षी नेता पुटिनसँग गत शुक्रबार शिखर सम्मेलन गर्नुभएको थियो। उक्त बैठकले कुनै सम्झौताका लागि अघि बढ्न नसकेपछि ट्रम्पले युक्रेनमा तत्काल युद्धविराम गर्न असम्भव देखिएको बताउनुभएको थियो।

युक्रेन र यसका युरोपेली सहयोगीहरूले पुटिनको अडानलाई समय खर्च गर्ने तर रुसको युद्धभूमिको प्रगतिलाई अघि बढाउने नयाँ रणनीतिको रूपमा आलोचना गरेका छन्।

बेलायतका प्रधानमन्त्री केइर स्टार्मर, फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रौँ, जर्मनीका चान्सलर फ्रेडरिक मर्ज र नेटोका महासचिव मार्क रुट युक्रेनबारे ट्रम्पसँग बृहत् छलफल गर्न र उहाँलाई युक्रेनको पक्षमा उभ्याउने माहोल सिर्जना गर्ने अभियानका साथ वासिङ्टन पुग्नेछन्।

ह्वाइट हाउस जान लागेकी युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले जेलेन्स्कीलाई आइतबार ब्रसेल्समा हुने बैठकका लागि स्वागत गर्ने बताउनुभएको छ।

इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनी र फिनल्याण्डका राष्ट्रपति अलेक्जेन्डर स्टब्स पनि वासिङ्टन जानुहुनेछ।

जर्मन सरकारले मर्जलाई अमेरिका जान लागेको पुष्टि गर्दै जर्मनीले युक्रेनमा द्रूत शान्ति सम्झौतामा चासो राख्ने प्रयास गर्ने बताएको छ।

अलास्काबाट वासिङ्टन फर्कने क्रममा ट्रम्पले जेलेन्स्की र युरोपेली नेताहरूलाई नेता पुटिनसँगको छलफलबारे जानकारी गराउने बताइएको छ। रुस र युक्रेनबीचको भयानक युद्ध अन्त्य गर्ने सबैभन्दा उत्तम उपाय भनेको सीधै शान्ति सम्झौतामा जानु हो जसले युद्धको अन्त्य गर्नेछ।

ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभएको छ, 'युद्धविरामका सम्झौताहरू अक्सर रोकिँदैनन्।'

रूसी र अमेरिकी नेताहरूको अलास्का सम्मेलनपछि प्रतिक्रिया दिँदै जेलेन्स्कीले शनिबार भन्नुभयो, 'यो परिवर्तनले 'परिस्थितिलाई जटिल बनाएको', बताउनुभएको थियो।

यदि मस्कोमा आक्रमण रोक्नका लागि सरल आदेश जारी गर्ने इच्छाशक्ति छ भने रुसले दशकौंसम्म आफ्ना छिमेकीसँग शान्तिपूर्ण सहअस्तित्व कायम गर्ने विहंगम इच्छाशक्ति राख्ने धेरै प्रयास गर्न सक्छ, युक्रेनका राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जालमा लेख्नुभएको छ। युरोपेली नेताहरूले सुरुदेखि नै पुटिनसँग ट्रम्पको सम्पर्कप्रति असहजता व्यक्त गर्दै आएका छन्।

*एपी/रासस*

# परीक्षा सफलताको रहस्य समयमा लुकेको छ

**एजेन्सी, भदौ १**

विद्यार्थी सफल हुनुमा उनको पढाइ, मेहनत र आत्मविश्वासको भूमिका सबैले स्वीकार्छन्। तर, केवल यति नै पर्याप्त छैन भन्ने कुरा हालै सार्वजनिक गरिएको एक अध्ययनले देखाएको छ। अध्ययन अनुसार विद्यार्थीले परीक्षा कहिले दिन्छ भन्ने कुरा (अर्थात् परीक्षा लिने समय)ले पनि उनीहरूको नतिजा बदल्न सक्छ।

इटालीको मेसिना विश्वविद्यालयका अनुसन्धानकर्ता डा. कार्मेलो विकारियोले न्यायालयसम्बन्धी एउटा अध्ययन पढेपछि यो अनुसन्धान सुरु गरेका थिए। उक्त अध्ययनले देखाएको थियो कि निर्णायकले दिने फैसला उनीहरूको खानाको समय कति नजिक छ भन्ने कुराले प्रभावित हुने गर्छ। यो तथ्यले विकारियोलाई शिक्षामा पनि त्यस्तै प्रभाव पर्छ कि भनेर जिज्ञासा पैदा गरायो। त्यसपछि उनले आफ्ना सहकर्मीहरूका साथ इटालीभरिका विश्वविद्यालयका करिब १९ हजार विद्यार्थीहरूबाट संकलित एक लाख चार हजार पाँच सयभन्दा बढी मौखिक परीक्षाको समय र नतिजाको विवरणलाई अध्ययन गरे।



अनुसन्धानको नतिजा चाखलाग्दो देखिएको छ। बिहान ८ बजे लिइएका मौखिक परीक्षामा औसत पास हुने दर ५४ प्रतिशत थियो, जुन मध्याह्न १२ बजे पुग्दा ७२ प्रतिशतमा बढेको पाइयो। तर दिउँसो ४ बजे फेरि पास हुने दर घटेर ५१ प्रतिशतमा झरेको देखियो। यो प्रवृत्ति भाषा परीक्षा, अनुसन्धान प्रस्तुति लगायतका सबै मौखिक मूल्याकंनहरूमा समानरूपमा देखिएको हो। डा. विकारियो भन्छन्, 'यो लेखित परीक्षामा पनि लागु हुन्छ कि हुँदैन भन्ने कुरामा अझै अनुसन्धान आवश्यक छ।'

विद्यार्थीको प्रदर्शन समय अनुसार किन फरक पर्छ ?, भन्ने प्रश्न सहज छैन। तर, अनुसन्धानले यसलाई मानवीय शरीरको 'क्रोनोटाइप' अर्थात् स्वाभाविक समयतालिकासँग जोडेको छ। क्रोनोटाइप भन्नाले मानिस कुन समयमा सुत्न, उठ्न वा बढी सजग हुने गर्छ भन्ने कुरा जनाउँछ। युवाहरू सामान्यतः अबेर सुत्ने र बिहान ढिलो उठ्ने लयमा हुन्छन् भने परीक्षकहरू (जो प्रायः उमेरमा अग्रज हुन्छन्) बिहानै उठ्ने तालिकामा हुन्छन्। यस्तोमा दुवैको कार्यक्षमता मिल्ने सम्भावित समय मध्याह्नतिर हुने भएकाले त्यसबेला लिइने परीक्षामा सफलता दर बढी देखिएको हुन सक्छ।

इम्पेरियल कलेज लन्डनका शिक्षाविद् थोमस ल्यांकास्टर भन्छन्, 'विद्यार्थीको नतिजामा प्रभाव पार्ने कुराहरू धेरै हुन्छन् - परीक्षाको समय, मानसिक थकान, तयारी र खाजा समयको तालमेल इत्यादि। मूल्यांकन वैज्ञानिक आधारमा हुनुपर्छ।'

नेपालजस्तो देशमा, जहाँ अधिकांश परीक्षा बिहानै सुरु गर्ने परम्परा छ। यस्तो अध्ययनले शिक्षामा नयाँ दृष्टिकोण दिन सक्छ। विद्यार्थीको जैविक (उमेर लगायत) समयतालिका विचार नगरी गरिएको मूल्यांकन निष्पक्ष नहुन सक्छ।

यस अध्ययनको नतिजाले शिक्षा नीतिमा 'परीक्षा कहिले लिने?' भन्ने विषयलाई पनि वैज्ञानिक र मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्नुपर्ने देखाउँछ। केवल पाठ्यक्रम र मूल्यांकनको स्वरूप परिवर्तनले मात्र होइन, मूल्यांकनको समय निर्धारणले पनि विद्यार्थीको क्षमतालाई न्यायोचित रूपमा मापन गर्न सकिन्छ।

यदि शिक्षण संस्था र नीति निर्माताहरूले समयतालिकाको महत्त्व बुझेर परीक्षा प्रणालीलाई सुधार गर्ने हो भने, विद्यार्थीहरूका लागि शिक्षा अझ न्यायपूर्ण, मानवमैत्री र प्रभावकारी बन्नेछ। परीक्षाको सफलतामा पढाइसँगै समयको सचेत छनोट पनि उत्तिकै महत्त्वपूर्ण रहन्छ भन्ने यो अनुसन्धानले प्रष्ट सन्देश दिएको छ।

**INVITATION FOR SEALED BID: INFORMATION SYSTEM (IS) AUDIT**

**Published Date : 2082/05/02 (News 24 National Daily)**

Progressive Finance Limited extends on invitation for sealed bids from certified and eligible firms/ entities for the information system Audit. Request for proposal (RFP) can be obtained from the general service department at corporate office in Tinkune, Kathmandu via non-refundable fee of NPR. 1000. (one thousand only).

**Submission Requirement:**

1. **Bid Bond/Cash Deposit:** ensure your Tender Document is accompanied by a Valid Bid Bond 5% of the total bid amount in Progressive Finance Limited cash settlement account or a good for payment cheque.
2. **Submission Deadline:** Sealed bids must be submitted by **2082/05/16 (1 Sept. 2025)**, 4:00 pm
3. **Bid Opening:** the sealed bids will be opened on the **16th day. I.e. 2082/05/17 (2 Sept. 2025)** 1:00 pm at Corporate office meeting hall.
4. **Right to accept or reject Proposals:** Progressive Finance Limited reserve the right to fully or partially accept or reject any or all proposals without providing a reason.
5. **Alignment:** Whatever the scope at the work in RFP the Is audit must be aligned/ matched with Nepal Rastra Bank guidelines.
6. **Documents:** A copy of VAT, PAN , Firm registration certificates, company profile (including experiences) latest tax, clearance certificate or tax submission detail of last fiscal year must be enclosed with the application
7. **Additional information:** For other information and further terms and conditions, kindly contact the General Service Department. We encourage certified /eligible entities to participate and contribute to our commitment to transparency.

Progressive Finance Limited

Corporate Office : Tinkune, Kathmandu-32
Tel. No. : 01-5199664/65 | P.O.Box :10390
Email : info@pfltd.com.np | www.pfltd.com.np




**स्याउ खेतीमा वडाध्यक्ष** | बागलुङ्को ताराखोला गाउँपालिका-५ का वडाध्यक्ष मनबहादुर रोकाको बगैंचाम फलेका इटालियन स्याउ। परीक्षणका लागि दुई वर्ष अघि ठूलो हिलेमा लगाइएको स्याउ अहिले लटरम्म फलेको छ। *तस्बिरः रासस*

# निजी क्षेत्रसँग सम्बन्धित योजना कार्यान्वयनमा समस्या

**काठमाडौं, भदौ १**

आर्थिक वर्ष २०८१/८२ को बजेटमा राखिएका निजी क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था कमजोर देखिएको छ। नेपाल उद्योग परिसंघ (सीइनआई)ले सार्वजनिक गरेको प्रतिवेदनमा बजेटमा राखिएका ६३ बुँदामध्ये २५ प्रतिशत मात्रै कार्यान्वयन भएको उल्लेख छ। ६३ वटा विषयमध्ये जम्मा १६ वटा मात्रै पूर्ण कार्यान्वयनमा आएको पाइएको प्रतिवेदनमा उल्लेख छ।




परिसंघले ३० वटा बुँदा (४७.६) प्रतिशत आंशिक कार्यान्वयन भएको र १७ वटा (२७ प्रतिशत) बुँदामा कुनै काम नभएको प्रतिवेदनमा उल्लेख गरेको छ।

कानुनी सुधारमा राम्रो काम भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको, बजेटमा राखिएका अधिकांश कार्यक्रम कार्यान्वयनका लागि बैठक बस्ने तथा छलफल हुने गरेको भए पनि कार्यान्वयन कार्यविधि अभावमा ठोस प्रक्रिया अघि नबढेको, अघिल्लो सरकारले ल्याएका कार्यक्रमलाई वर्तमान सरकारले अपनत्व नलिएको जस्ता विषयहरू बजेट वाचले सार्वजनिक गरेको छ।

कार्यक्रममा मुख्यसचिव एकनारायण अर्यालले आर्थिक सुधारका लागि सरकार एक्लैको प्रयासले मात्र सम्भव नहुने उल्लेख गर्दै निजी क्षेत्रसँग आवश्यक सहकार्य र सहजीकरण गरिरहेको बताए। उनले सबै मन्त्रालय कानुन संशोधन र सुधारतर्फ प्रतिबद्ध रहेको जानकारी दिँदै स्वस्थ प्रतिस्पर्धा बिना निजी क्षेत्र पनि टिक्न नसक्ने उल्लेख गरे। मुख्यसचिव अर्यालले उत्पादनका नाममा अरूको काम बन्द गर्ने प्रवृत्ति अनुचित भएको भन्दै निजी क्षेत्रमै अनैतिक व्यापार गर्ने संस्थाहरूलाई रोक्न आवश्यक रहेको बताए।

'निजी क्षेत्रको समन्वयमा कानुन बन्ने हो, तर त्यसको कार्यान्वयन नगर्ने हो भने बदनाम निजी क्षेत्र हुन्छ,' मुख्यसचिव अर्यालले भने। उनले फाइल रोक्ने प्रचलन र शक्ति केन्द्र खोज्दै काम लम्ब्याउने प्रवृत्तिले प्रशासनिक इज्जतमा धक्का पुगेको टिप्पणीसमेत गरे। 'जहाँ समस्या छ, त्यहीँबाट समाधान खोज्नुपर्छ, अन्त जानु हुँदैन। यति हुँदा पनि काम नभए मलाई भन्नुहोस्', उनले भने।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले बजेट कार्यान्वयनका लागि सरकार, मन्त्रालय र सम्बन्धित निकायहरू कठोर बन्नुपर्ने अवस्था आएको बताए। 'बजेटको सफल कार्यान्वयनमा सबैभन्दा ठूलो हात विषयगत मन्त्रालयहरूको छ।

चालु वर्षको बजेट कार्यान्वयनमा अझ उल्लेख्य सुधार भई सुस्त अर्थतन्त्रमा इन्धन भर्ने र 'सय अर्ब डलरको अर्थतन्त्र' को लक्ष्य प्राप्तिका लागि बलियो प्रस्थान विन्दु बन्ने विश्वास लिएका छौँ', उनले भने।

परिसंघले चालु आर्थिक वर्षको बजेटमा भएका निजी क्षेत्र र आर्थिक समृद्धिसँग सम्बन्धित विभिन्न ७४ बुँदाहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई आग्रह गरेको छ। ती बुँदा कार्यान्वयनका लागि चालिनुपर्ने कदमहरूको अध्ययन गर्दै सम्बन्धित निकायहरूको भूमिका, आवश्यक कानुनी सुधार, कुन निकायले के गर्नुपर्छ भन्ने विषयसमेत स्पष्ट रुपमा खुलाई बजेट वाचको दस्तावेज तयार पारिएको परिसंघले जनाएको छ।

# ऊर्जा उत्पादकलाई पेलेर प्राधिकरणले बहादुरी देखाएको आरोप

**काठमाडौं, भदौ १**

उर्जा उत्पादकहरूले नेपाल विद्युत प्राधिकरणले व्यवसायीहरूलाई अप्ठ्यारोमा पारेको आरोप लगाएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले प्राधिकरणले निजी उर्जा उत्पादकहरूलाई अफ्ठ्यारो पारेर बहादुरी देखाएको आरोप लगाएका हुन्। आइतबार विद्युत प्राधिकरणको ४०औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै डाँगीले प्राधिकरणले कसरी निजी क्षेत्रको विद्युत नकिन्ने भनेर लागिरहेको आरोप लगाउँदै आफूहरूलाई अप्ठेरोमा पार्ने काम नगर्न आग्रह गरेका हुन्।



'विद्युत प्राधिकरण र इप्पान मिलेर देशलाई समृद्धिको मार्गमा लैजान योगदान गरी इतिहास रच्ने सुनौलो अवसर पाएको समयमा एकमात्र विद्युत खरिदकर्ता र वितरणकर्ताको हैसियतमा प्राधिकरण खपतवृद्धि, निर्यातवृद्धि र उत्पादनवृद्धिमा लाग्नु पर्ने हो,' उनले भने, 'तर, बिडम्बना विद्युत प्राधिकरणको ध्यान विद्युत उत्पादन कसरी रोक्ने, विद्युत खरिद सम्झौता (पिपिए) कसरी नगर्ने, आरसिओडीको म्याद (विद्युत उत्पादन मिति) कसरी नथप्ने, उत्पादन भएको विद्युत कसरी नलिने, कन्टिजेन्सी कायम कसरी राख्ने र समग्रमा ऊर्जा उद्यमीहरूलाई कसरी पेलेर बहादुरी देखाउने भन्नेमा रहेको देखिन्छ, यो सोचमा परिवर्तन हुनुपर्छ।'

ऊर्जा आयोजनामा सानाठूला लगानीकर्ताहरू गरी करिब ६५ लाख मनिसले लगानी गरेका छन्। ऊर्जासँग सम्बन्धित कुनै पनि नीति नियमहरू परिवर्तन गर्दा त्यसको असर लगानीकर्तामा पर्ने इप्पानको आरोप छ। उपाध्यक्ष डाँगीले एकअर्कालाई असहयोग गरेर बहादुरी प्रदर्शन गर्न समय खर्च नगरी उक्त समय देशभित्र खपत बढाउन, प्रसारण लाइन बनाउन, विद्युत उत्पादन बढाउन र निर्यात बढाउनमा खर्च गरी भावी सन्ततीलाई सुन्दर र समृद्ध नेपाल हस्तान्तरण गर्न लाग्नुपर्ने बताए।

### विद्युत उत्पादनमा प्राधिकरण र निजी क्षेत्र बराबर

नेपाल विद्युत निर्यातकर्ता बनिसकेको छ। देशभित्र पनि ७५३ स्थानीय तहमध्ये ७३४ स्थानीय तह अर्थात ९७.५ प्रतिशत पालिकाका प्रशारण लाइनमार्फत विद्युतको पहुँच पुगिसकेको अवस्था छ। विद्युत् उत्पादनमा निजी क्षेत्रले देखाएको तत्परताका कारण विद्युत्को पहुँच बढाउन सहयोग पुगेको देखिन्छ।

'२०५५ सालमा पिपिएको दर फाइनल भएपछिका २५ वर्षमा तत्कालिन अवस्थामा २५४ मेगावाट उत्पादन रहेको अवस्थाबाट अहिले ३६०० मेगावाट पुऱ्याउँदै खुद निर्यातकर्ता देश बन्न होस वा ७३४ स्थानीय तहमा विद्युत पहुँच पुऱ्याउन होस, निजी क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ,' डाँगीले भने।

### १५ हजार मेगावाट निर्यातबाट वार्षिक ७ खर्ब आय हुने

नेपाल सरकारले लिएको लक्ष्य अनुसार २८ हजार ५०० मेगावाट उत्पादन पुऱ्याइ १५ हजार मेगावाट निर्यात गर्न सके वार्षिक ५ देखि ७ खर्ब रुपैयाँ देशमा ल्याउन सकिने र हालको वार्षिक ४०० किलोवाट प्रतिव्यक्ती विद्युत खपतलाई १५०० किलोवाट पुऱ्याएर १३ हजार ५०० मेगावाट खपत गर्न सके हालको अर्थतन्त्र लगभग ४ गुणाले वृद्धि हुन सक्छ।

उपाध्यक्ष डाँगीले जलविद्युतको लगानी अनुत्पादक नभएको बताउँदै विद्युत उत्पादन भएपछि सरदर वार्षिक प्रतिमेगावाट ३ करोडका दरले आय हुने र आगामी १० वर्षसम्म वार्षिक २५०० मेगावाट विद्युत उत्पादन गर्न सके करिब ४५ खर्ब लगानीयोग्य रकम आय भइ सोही रकमले नेपाल सरकारले निर्धारण गरेको लक्ष्य पुरा गर्न सकिने पनि विश्वास व्यक्त गरे।

### विद्युत् निर्यातको संरचना

अहिले भएका प्रसारण संरचनाबाट ३५०० मेगावाट विद्युत निर्यात गर्न सकिन्छ। अहिले ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनबाट १ हजार मेगावाट र अन्य ५ वटा १३२ केभी प्रसारण विन्दुबाट थप ५०० मेगावाट विद्युत भारतीय बजारमा पठाउन सकिने भए पनि त्यसो हुन नसकेको बरु बर्खाको विद्युत खेर फाल्नु परेको इप्पानको आरोप छ।

उनले देशका विभिन्न स्थानमा निजी क्षेत्र संलग्न भइ प्रसारण लाइन निर्माण गरिरहेको र थप योगदान गर्न पनि तयार रहेको बताए। डाँगीले विद्युत प्राधिकरणसँग सम्बन्धित समस्या र नेपालको ऊर्जा क्षेत्रमा रहेका समस्याको स्थायी समाधानका लागि विद्युत व्यापार र प्रसारण लाइन निर्माणको अनुमतिपत्र निजी क्षेत्रलाई दिन आग्रह गरेका छन्।

## निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने तयारी

**काठमाडौं, भदौ १**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले विद्युत् उत्पादनमा सफल भइसकेको निजी क्षेत्रलाई अब प्रसारण लाइन निर्माण र विद्युत् व्यापार गर्न दिइने तयारी भइरहेको खुलासा गरेका छन्। नेपाल विद्युत् प्राधिकरणको ४० औं वार्षिकोत्सवलाई सम्बोधन गर्दै उनले निजी क्षेत्रलाई प्रसारण लाइन निर्माण र विद्युत् व्यापारमा ल्याउने तयारी भइरहेको बताएका हुन्।



सुरक्षित, गुणस्तरीय र भरपर्दो विद्युत् प्रवाह मुख्य आवश्यकता भएको बताउँदै खड्काले प्रसारण तथा वितरण प्रणाली सुधार गरेर आन्तरिक विद्युत् खपत बढाउन काम गर्नुपर्ने बताए। त्यसका लागि निजी क्षेत्रलाई पनि विद्युत् व्यापारमा काम गर्न दिनुपर्ने उनको तर्क थियो।

'अहिले ९८ प्रतिशत विद्युतीकरण भइसकेकोमा तथ्यांक विद्युत् प्राधिकरणले दिएको छ,' उनले भने, 'अब विद्युत् वितरणलाई दिगो बनाएर बाँकी रहेको २ प्रतिशत जनसंख्यामा पनि राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पहुँच पुऱ्याउन प्राधिकरणले काम गर्नुपर्छ।' उनले विद्युत् प्राधिकरणले अब साना आयोजना नभई ठूला जलाशय आयोजना निर्माणका लागि काम गर्नुपर्नेम खड्काले जोड दिए।

सरकारले धेरै वटा कानून संशोधन गरेकाले अब ऊर्जाका आयोजनाको लगानी मोडालिटी पनि फेरिँदै जाने बताए। उनले विद्युत् प्राधिकरणलाई स्मार्ट प्रविधि प्रयोगमार्फत विद्युत् चुहावट न्यूनीकरण गर्न निर्देशन दिए।

उनले लामो समयदेखि नउठाइएको डेडिकेटेड फिडर र ट्रंक लाइनको विद्युत् बक्यौता तत्काल उठाउन निर्देशन समेत दिए। प्राधिकरण व्यवस्थापनले सञ्चालक समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्नुपर्नेमा जोड दिए।

यस्तै, कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य आरपी बिच्छाले सबै घरधुरीमा विद्युत् पहुँच पुऱ्याउनुपर्ने आवश्यकता औँल्याए। विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले प्रसारण र वितरण प्रणाली अझ सबल बनाउनुपर्नेमा जोड दिए।

# ग्लोबल आइएमई बैंक 'युरो मनी अवार्ड फर एक्सलेन्स'बाट सम्मानित

काठमाडौं (संवाददाता)- ग्लोबल आइएमई बैंक लिमिटेड 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२५' को बेस्ट बैंक अवार्डबाट सम्मानित भएको छ। सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो।

ग्लोबल आइएमई बैंकले ग्राहकहरूलाई प्रदान गर्दै आएको सेवा, वित्तीय अवस्था, संस्थागत सामाजिक उत्तरदायित्व, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँ-नयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरूमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो।

युरो मनी म्यागजिन बैंकिङ क्षेत्रको गहिरो विश्लेषण र समालोचनाका लागि प्रख्यात छ। युरो मनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरू छन्।



यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक तेस्रोपटक बेष्ट बैंक अवार्डबाट सम्मानित भएको हो। यसअघि पनि ग्लोबल आइएमई बैंकले युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेस्ट बैंक अवार्ड प्राप्त गरेको थियो।

यस अघि ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गत दुई विधामा नेपालको सर्वश्रेष्ठ बैंक, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेष्ट बैंकको रूपमा सम्मानित भएको थियो।

ग्लोबल आइएमई बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटीएम, १५५ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी एक हजार भन्दा बढी सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# जस्मिन पेन्ट्सको चाडपर्व लक्षित उपहार योजना

काठमाडौं (संवाददाता)- जस्मिन पेन्ट्सले यस वर्ष पनि 'चाड पर्वको उमंग, जापान घुमौं जस्मिन पेन्ट्स सँग' ग्राहक उपहार योजना ल्याएको छ। कम्पनीले आउँदै गरेको चाडपर्वमा थप उमंग र खुशी प्रदान गर्ने उद्देश्यले भदौ १ गते देखी आगामी कात्तिक ३० गतेसम्मका लागि सो योजना लागू गरेको हो।

यस योजनामा सहभागी हुन ग्राहकहरूले नजिकैको डिलरबाट कम्तीमा ७५ हजार रुपैयाँको जस्मिन पेन्ट्सको उत्पादन खरिद गर्दा एउटा लक्की ड्र कुपन पाउनेछन्। त्यसबाट विभिन्न उपहार प्राप्त गर्न सकिने कमपनीले जनाएको छ।




लक्की ड्रको विजेटा घोषणा प्रत्यक्ष प्रसारण गरि गरिने कम्पनीले जनाएको छ। यस उपहार योजना मार्फत एक हजार भन्दा धेरै ग्राहकले उपहार प्राप्त गर्न सक्नेछन्। जसमध्ये एकजनाले बम्पर उपहारमा जापान घुम्ने अवसर पाउनेछन्। यस्तै, ७५ जनाले डिनर सेट, १०५ जनाले जाडोमा न्यानो बनाउने हिटर, १५१ जनाले अइरन र ७५० जनाले आकर्षक भित्ते घडी पाउनेछन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवार्डहरूबाट पुरस्कृत जस्मिन पेन्ट्सले विगत ३१ वर्षदेखि नेपाली बजारमा आफ्नो उत्पादन बिक्री वितरण गर्दै आएको छ। अन्तर्राष्ट्रिय गुणस्तरका उच्चस्तरीय रङहरू उत्पादन गर्दै आइरहेको कम्पनीका पेन्ट्सहरू नेपाली बजारमा राम्रो स्थान बनाएको छ।

## गज्जबको पिरो अब १२० ग्राममा



काठमाडौं (संवाददाता)- सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रालिले उत्पादन गर्दै आएको तयारी चाउचाउ 'गज्जबको पिरो' अब १२० ग्राममा पनि उपलब्ध भएको छ। कम्पनीले भदौ १ गतेदेखि बजारमा ठूलो साइजको चाउचाउ पठाएको हो।

हालसम्म गज्जबको पिरो तयारी चाउचाउ २० रुपैयाँमा उपलब्ध हुँदै आएकोमा अब १२० ग्रामको ५० रुपैयाँमा उपलब्ध गराएको कम्पनीले जनाएको छ।

नयाँ प्याकेटमा उपभोक्ताले स्वादिष्ट कोरियन किम्ची स्वादको आनन्द लिन सक्ने कम्पनीले जनाएको छ। यो उत्पादन अहिले बजारमा पाइने अन्य चाउचाउहरू भन्दा अझ उत्कृष्ट, परिष्कृत र उपभोक्तामुखी छ भएको पनि कम्पनीको दाबी छ।

# डिशहोम र द बर्गर हाउसबीच सम्झौता

काठमाडौं (संवाददाता)- डिशहोमले द बर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकेनसँग साझेदारी गर्दै भर्चुअल प्रिभिलेज कार्डमार्फत छुट उपलब्ध गराउने भएको छ। डिशहोमका ग्राहकले भर्चुअल प्रिभिलेज कार्डमार्फत द बर्गर हाउसका देशभरका १५८ वटै आउटलेटहरूमा फूड एण्ड बेभरेजमा १० प्रतिशतसम्म छुट पाउनेछन्।

द बर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकेन आफ्नो स्वादिलो बर्गर, क्रन्ची फ्राइड चिकेन र विभिन्न फास्ट-फूड परिकारका लागि प्रसिद्ध छ। नेपालभरका आउटलेटहरूमा फैलिएको यस ब्रान्डसँगको साझेदारीले डिशहोमका ग्राहकहरूलाई जुनसुकै स्थानमा पनि आफ्नो मनपर्ने परिकार छुटसहित खान सक्ने सुविधा दिनेछ। तर, यो सुविधा माई डिशहोम एममार्फत सक्रिय ग्राहकका लागि मात्र उपलब्ध हुनेछ।




छुट पाउनका लागि सबैभन्दा पहिला माई डिशहोम एप प्ले स्टोर वा एप स्टोरबाट डाउनलोड गर्नुपर्छ। त्यसपछि, आफ्नो दर्ता भएको मोबाइल नम्बर वा ग्राहक आईडी प्रयोग गरी लग-इन गर्न सकिन्छ।

त्यसपछि, होम पेज वा प्रोफाइल सेक्सनबाट भर्चुअल प्रिभिलेज कार्ड खोल्न सकिन्छ। सो कार्ड देखाएर द बर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकेनका जुनसुकै आउटलेटमा छुट पाउन सकिने डिशहोमले जनाएको छ।

डिशहोमका प्रमुख कार्यकारी अधिकृत तारा मानन्धरले यो छुट सुविधाले फास्टफूड गन्तव्यलाई ग्राहकको दैनिक जीवनमा सहज बनाउने विश्वास व्यक्त गरेका छन्। डिशहोमको भर्चुअल प्रिभिलेज कार्ड ग्राहकहरूलाई डाइनिङ, आतिथ्य, यात्रा र लाइफस्टाइल क्षेत्रमा विशेष छुट र सुविधा प्रदान गर्नका लागि सुरु गरिएको उनले जानकारी दिए।

# शेयरबजारको पहिरो अझै रोकिएन




news 24
**काठमाडौं, भदौ १**

शेयरबजार घट्ने क्रमले आइतबार पनि निरन्तरता पाएको छ। कारोबार मापक नेप्से परिसूचक २७.१४ अंकले घटेर २७६१.२२ विन्दुमा झरेको छ। गतसाता बिहीबार बजारको घट्दो क्रममा ब्रेक लागेको थियो। त्यसपछि, लगानीकर्ता बजार बढ्ने अपेक्षमा थिए। आइतबार कारोबार शुरु भएको केही मिनेट बढेको बजार त्यसपछि घट्न थालेको थियो।

बजार घट्न थालेपछि लगानीकर्ताको मनोबल पनि खस्किँदै गएको छ। नेप्से २७ सयको लाइनमा झर्न थालेपछि लगानीकर्ताले शेयरको बिक्री बढाएका छन्। आइतबार ७ अर्ब ७३ करोड ५२ लाख रुपैयाँ बराबरको २ करोड ५ लाख १३ हजार ६२५ कित्ता शेयर किनबेच भएको छ।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक पनि १.०७ प्रतिशत घटेर ४७३.६७ विन्दुमा झरेको छ। यस्तै साधारण शेयरको कारोबार मापन गर्ने फ्लोट सूचक ०.९१ प्रतिशत घटेर १८९.१३ विन्दुमा कायम भएको छ।

| प्रमुख विवरण | |
|---|---|
| नेप्से सूचक | २,७६१.२२ |
| कारोबार रकम (रु) | ७,७३५,१९५,०९४ |
| कारोबार भएको शेयर संख्या | २०,५१३,६२५ |
| कारोबार भएका कम्पनी | २४९ |
| बजार पुँजीकरण | ४,६१०,९४९,४१२,७४१ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४३१.३४ | -१.०३ |
| विकास बैंक | ५,८२८.५९ | -०.५१ |
| फाइनान्स | २,४७८.४९ | -०.९३ |
| होटल तथा पर्यटन | ६,९४१.३० | -०.२१ |
| जलविद्युत् | ३,५७४.५२ | -०.७७ |
| लगानी | १११.३८ | -०.८३ |
| जीवन बीमा | १२,९७८.५८ | -०.७१ |
| उत्पादन तथा प्रशोधन | ७,५६०.६५ | -१.०० |
| लघुवित्त | ५,१६७.२७ | -१.३१ |
| म्युच्युअल फण्ड | २०.४५ | -०.१० |
| निर्जीवन बीमा | १२,३४०.६८ | -०.६८ |
| व्यापार | ४,१०७.०१ | -१.६४ |
| अन्य | २,६२५.३१ | -१.३४ |

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| अपर स्यांघे हाइड्रोपावर लि. | ७३५.१५ | ४३.५० | ६.२९ |
| कालिका पावर क. लि. | ६१५.९० | ३४.६२ | ५.९६ |
| अपर हेवाखोला हाइड्रोपावर क.लि. | ६१३.४५ | ३३.३९ | ५.७६ |
| मनकामना इन्जिनियरिङ हाइड्रोपावर लि. | ४७७.५३ | २१.४४ | ४.७० |
| नेपाल रिपब्लिक मिडिया लि. | ५६२.९८ | २१.६८ | ४.०१ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| सम्पदा लघुवित्त वित्तीय संस्था लि. | ९८९.८४ | -७५.१७ | -७.०६ |
| ट्रेड टावर लि. | ८८३.४५ | -५५.१६ | -५.८८ |
| ग्रीन डेभलपमेन्ट बैंक लि. | १,१५८.९६ | -५८.२५ | -४.७९ |
| एनआईसी एशिया बैंक लि. | ३४८.६४ | -१७.०२ | -४.६५ |
| सान्भी इनर्जी लि. | ६७३.७४ | -३१.१५ | -४.४२ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| नेपाल रिइन्स्योरेन्स क.लि. | ५१६,७०२,२०१.९० | १,५७५.०० |
| हिमालयन रिइन्स्योरेन्स लि. | ३५४,५२५,४९९.२० | १,००६.२० |
| नेपाल रिपब्लिक मिडिया लि. | २४९,६१८,५५३.६० | ५५४.०० |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | २२४,२८७,९८८.५० | २,१७५.०० |
| शिवम् सिमेन्ट्स लि. | २२१,४४४,७७२.७० | ६२०.०० |

सेन्सिटिभ फ्लोट सूचक पनि ०.९५ प्रतिशत घटेर १६२.०२ विन्दुमा आइपुगेको छ।

कारोबार भएका २४९ कम्पनीमध्ये १९१ वटाको शेयरमूल्यमा गिरावट आउँदा बजारमा दबाब परेको हो। तर, ५८ कम्पनीको शेयरमूल्य भने बढेको छ।

सूचीकृत सबै समूह घटेका छन्। सबैभन्दा धेरै व्यापार समूह १.६४ प्रतिशत घटेको छ। त्यसपछि अन्य समूह १.३४, लघुवित्त १.३१, बैंकिङ १.०३ र उत्पादन तथा प्रशोधन १ प्रतिशत घटेको छ। यसैगरी, फाइनान्स समूह ०.९३, लगानी ०.८३, जलविद्युत् ०.७७, जीवन बीमा ०.७१, निर्जीवन बीमा ०.६८, विकास बैंक ०.५१, होटल तथा पर्यटन ०.२१ र म्युचुअल फण्ड ०.१० प्रतिशत घटेको छ।

यसदिन आरबीबी म्युचुअल फण्ड १ को इकाइ मूल्य सबैभन्दा धेरै ७.९३ प्रतिशत बढेको छ। शेयरमूल्य बढेका कम्पनीहरूमध्ये अपर स्याङ्घे जलविद्युतको सबैभन्दा धेरै ६.२९ प्रतिशत बढेको छ। त्यसपछि कालिका पावरको ५.९६, अपर हेवाखोला हाइड्रोपावरको ५.७६, मनकामना इन्जिनियरिङ हाइड्रोपावरको ४.७० र नेपाल रिपब्लिक मिडियाको ४.०१ प्रतिशत बढेको छ।

सम्पदा लघुवित्त वित्तीय संस्थाको शेयरमूल्य सबैभन्दा धेरै ७.०६ प्रतिशत घटेको छ। त्यसपछि ट्रेड टावरको ५.८८, ग्रीन डेभलपमेन्ट बैंकको ४.७९, एनआईसी एसिया बैंकको ४.६५ र सान्भी इनर्जीको ४.४२ प्रतिशत घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ५१ करोड ६७ लाख दुई हजार २०१ रुपैयाँको शेयर किनबेच भएको छ। त्यसपछि हिमालयन रिइन्स्योरेन्सको ३५ करोड ४५ लाख, नेपाल रिपब्लिक मिडियाको २४ करोड ९६, एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको २२ करोड ४२ लाख र शिवम् सिमेन्टको २२ करोड १४ लाख रुपैयाँको शेयर कारोबार भएको छ।

आइतबार मात्रै लगानीकर्ताको सम्पत्ति ४६ अर्ब रुपैयाँ घटेको छ। बजार पुँजीकरण ४६ खर्ब १० अर्ब रुपैयाँ कायम भएको छ। यस्तै, साधारण शेयरतर्फको बजार पुँजीकरण पनि १५ अर्ब रुपैयाँ घटेर १५ खर्ब ६१ अर्ब रुपैयाँ कायम भएको छ।

# ओझाको अनुभव नै फर्जी



काठमाडौं (संवाददाता)- नेपाल बीमा प्राधिकरणका निलम्बित अध्यक्ष शरद ओझाले फर्जी कागजात पेश गरेर नियुक्ति लिएको पुष्टि भएको छ। उच्च अदालतका पूर्वन्यायाधीश कृष्ण गिरीको अध्यक्षतामा गठन भएको न्यायिक समितिले ओझाले फर्जी कागजातको आधारमा नियुक्ति लिएको प्रतिवेदन सरकारलाई बुझाएको हो।

गिरी नेतृत्वको न्यायिक समितिले बुझाएको प्रतिवेदनको आधारमा सरकारले ओझालाई तीन दिने स्पष्टीकरण सोधेको थियो। प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार ओझाले आइतबार जवाफ पठाए पनि चित्तबुझ्दो नभएको बताएको छ।

ओझा २०८१ फागुन १२ गते नेपाल बीमा प्राधिकरणको अध्यक्ष नियुक्त भएका थिए। त्यसपछि उनी विरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दा अहिले पनि विचाराधिन अवस्थामा छ। यही बीचमा ओझामाथि अख्तियारले समेत छानविन सुरु गरेपछि सरकारले न्यायिक समिति बनाएर छानविन सुरु गरेको थियो।

## मीड-भ्यालीको व्यावसायिक सम्मेलन

काठमाडौं (संवाददाता)- मीड-भ्याली इन्टरनेशनल कलेजले 'व्यवस्थापन र सूचना प्रविधिमा दिगो विकासका लागि नवीन व्यावसायिक अभ्यासहरू' विषयमा सम्मेलन सम्पन्न गरेको छ। सम्मेलनले शैक्षिक आदान-प्रदान, अनुसन्धानको प्रसार-प्रचार तथा पेशागत सञ्जाल निर्माणमा सहयोग पुऱ्याएको कलेजले जनाएको छ।

सम्मेलनको शुभारम्भ प्रमुख अतिथि रितल राणाले गरेकी थिइन।

उनले व्यवसाय तथा प्रविधि शिक्षामा नवप्रवर्तन र दिगोपनको एकीकरणको महत्त्वमा जोड दिएका छन्। विशेष अतिथि सुरिना गुरुङले समसामयिक चुनौतीहरू समाधान गर्न सक्षम भावी नेतृत्व निर्माणमा शैक्षिक क्षेत्रको भूमिकाबारे प्रकाश पारिन्।

डा. पदम डंगोलको संयोजनमा आयोजना गरिएको सम्मेलनमा देशभरका विज्ञ विद्वान्, व्यवसायिक विज्ञ तथा विद्यार्थीहरूको उपस्थिति थियो। प्रमुख वक्ता डा. महेश महर्जन र डा. हरिराज रजौरेले व्यवस्थापन अभ्यासको बदलिंदो स्वरूप, प्रविधिगत प्रगतिहरू तथा दिगो विकास हासिल गर्न तिनीहरूको भूमिकासम्बन्धी महत्त्वपूर्ण दृष्टिकोण प्रस्तुत गरेका छन्।

कलेजको अनुसन्धान विभागले सावधानीपूर्वक छनोट गरेका १५ उत्कृष्ट अनुसन्धान पत्रहरू मात्र प्रस्तुतिका लागि स्वीकृत गरिएका थिए। सम्मेलनले विचार आदान-प्रदान, सहकार्य प्रवर्द्धन तथा दिगो विकासका लागि व्यावहारिक समाधानहरूको प्रेरणा दिने सजीव केन्द्रका रूपमा काम गरेको छ।

# 'चीन जोड्ने नाका छिट्टै सञ्चालन गर्ने प्रयासमा छौं'



काठमाडौं। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले रसुवागढी सडक चाँडो मर्मत र केरुङ नाका सञ्चालन गरी व्यापारमा सहजीकरण गर्ने बताएका छन्। प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले आइतबार काठमाडौंमा आयोजना गरेको छलफलमा मन्त्री दाहालले वर्षातको समयमा अन्तरदेशीय कोदारी राजमार्ग, रसुवागढीलगायत अन्य सडकको अवस्था र चाडपर्वको पूर्वसन्ध्यामा सडक यातायात र सडक पूर्वाधारको अवस्थाबारे चर्चा गर्दै जतिसक्दो छिटो सडक मर्मतको काम गरिने बताएका छन्।

गत असार २४ गते बिहान हिमताल विस्फोटका कारण रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएपछि पुल बग्दा केरुङ नाका अवरुद्ध भएको छ। 'पुलसँगै रसुवागढी सडक निर्माणको काम पनि सम्पन्न गर्नुपर्छ। पुल बनेर बाटो बनेन भने नाकामा रोकिएका सामानहरू नेपाल ल्याउन सकिँदैन', मन्त्री दाहालले भने, 'बाढीका कारण रोकिएका सामानलाई कसरी नेपाल ल्याउने भनेर पनि हामीले प्रयास गरेका छौं।'

उत्तर-दक्षिण राजमार्ग निर्माणको काम पनि चाँडो सम्पन्न गरिने पनि मन्त्री दाहालले बताए। उनले वातावरणमैत्री सडक निर्माण गरिने र नयाँ सडक निर्माणको क्रममा सडक सुरक्षाको नीति लागू गरिने प्रतिबद्धता व्यक्त गरे। 'बाढी, पहिरोजस्ता विपद्का समय र छिटो-छरितो यात्राका लागि सुरुङमार्ग उत्तम विकल्प हो, तर बजेट अभावका कारण यस्ता योजना कार्यान्वयनमा चुनौती छ' उनले भने।

समितिका सभापति दीपकबहादुर सिंहले दशैं-तिहारजस्ता चाडपर्वलाई मध्यनजर गर्दै चीनसँग जोडिएका नाका चाँडो सञ्चालन गर्न आग्रह गरे। 'चीनबाट कपडा भित्रिने भएकाले सस्तो पनि पर्छ। दशैं-तिहारलाई महँगो नबनाउन पनि रोकिएका सामान नेपाल ल्याउने व्यवस्था चाँडो गर्नुपर्छ', उनले भने।

सांसद माधव सापकोटाले चाडपर्वको मुखमा चीनसँगै जोडिएका दुवै नाका बन्द रहेकाले बाटो नखोले चाडपर्व महँगो हुने बताए। सांसद प्रकाश ज्वालाले सडकको पहिरो छिटो व्यवस्थापन गरेर सञ्चालन ल्याउन आग्रह गरे।

बैठकमा सांसद निशा डाँगी, मैना कार्की, शक्तिबहादुर बस्नेत, गीता गुरुङ, बीना लामालगायतले अवरुद्ध सडक चाँडो सञ्चालनमा ल्याएर सहजता प्रदान गर्न सरकार गम्भीर बन्नुपर्नेमा जोड दिए। मन्त्रालयका सचिव केशवकुमार शर्माले केरुङ नाकामा रोकिएका जरुरी सामानलाई वैकल्पिक माध्यमबाट नेपाल ल्याउने विषयमा तयारी भइरहेको जानकारी दिए। *रासस*

## टिफा बैठकको निर्णय कार्यान्वयन गर्न नेपाल-अमेरिका चेम्बरको आग्रह

काठमाडौं (संवाददाता)- नेपाल-अमेरिका चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीले गत सेप्टेम्बरमा सम्पन्न व्यापार तथा लगानी रूपरेखा सम्झौता परिषद्को बैठकमा गरिएका प्रतिबद्धताहरू तत्काल कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई आग्रह गरेको छ।

आइतबार एक विज्ञप्ति जारी गर्दै चेम्बरले सो बैठकमा व्यापार र लगानी आकर्षित गर्न उद्योगहरूमा प्रभावकारी बौद्धिक सम्पत्ति अधिकार संरक्षण र कार्यान्वयनको महत्वलाई मूख्य कारकको रूपमा जोड दिइएको तर कार्यान्वयनमा ढिलाइ गरिएको उल्लेख छ।

चेम्बरले बौद्धिक सम्पत्तिसँग सम्बन्धित कानुनी र संस्थागत सुधारमा नेपालको बौद्धिक सम्पत्ति कार्यालयभित्र स्थिरता र विश्वसनीयता बढाउन ट्रेडमार्क प्रशासनमा सुधार र प्राविधिक विशेषज्ञताको विकासमार्फत परीक्षण आवश्यक रहेको बताएको छ।

चेम्बरले लामो समयदेखि बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी मुद्दाहरूमा विभिन्न सेमिनार र कार्यशालाहरू आयोजना गर्दै अन्तर्राष्ट्रिय तथा स्वदेशी कम्पनी ट्रेडमार्क र लेबलहरूको प्रयोग तथा दुरुपयोगको बारेमा व्यापारिक समुदायमा जागरूकता जगाएर बौद्धिक सम्पत्ति अधिकारको बलियो संरक्षणको लागि वकालत गर्दै आएको छ।

'ट्रेडमार्क र नक्कली लेबलहरूको अनुचित प्रयोगले नेपालको छविलाई घरेलु रूपमा मात्र हानि नभई अन्तर्राष्ट्रिय स्तरमा यसको प्रतिष्ठालाई पनि कमजोर बनाउँछ, जसले गर्दा सम्भावित विदेशी लगानी निरुत्साहित हुन्छ', चेम्बरले विज्ञप्तिमा भनेको छ। यसै सम्बन्धमा काठमाडौं महानगरपालिकाले जारी गरेको गलत ब्राण्डिङ, लेबलिङ र भ्रामक विज्ञापनबारे सूचनाले आफ्नो ध्यानाकर्षण गरेको चेम्बरका महासचिव सञ्जयकुमार अग्रवालले बताए।

'यस विषयमा काठमाडौं महानगरपालिकासँग हाम्रो ऐक्यबद्धता व्यक्त गर्दछौं,' उनले भने 'सबै सम्बन्धित सरोकारवालाहरूलाई अन्तर्राष्ट्रिय र स्वदेशी कम्पनी ट्रेडमार्क र लेबलहरूको अनधिकृत प्रयोगबाट टाढा रहन समेत आग्रह गर्दछौं।'

# इन्डोनेसिया स्वतन्त्रता दिवसमा झण्डोत्तोलन




काठमाडौं (संवाददाता)- गणतन्त्र इन्डोनेसियाको ८०औं स्वतन्त्रता दिवसको अवसरमा आइतबार काठमाडौंमा झन्डोत्तोलन गरिएको छ। नेपालका लागि गणतन्त्र इन्डोनेसियाका अवैतनिक वाणिज्य दूतको कार्यालय आईएमई कम्प्लेक्स परिसर पानी पोखरीमा झण्डोत्तोलन गरिएको हो।

नेपालका लागि इन्डोनेसियाका अवैतनिक वाणिज्य दूत चन्द्रप्रसाद ढकालले नेपाल तथा गणतन्त्र इन्डोनेसियाबीच सुमधुर सम्बन्ध रहेको र आगामी दिनमा यसलाई जनस्तरसम्म पुऱ्याउन आफूले प्रयास गरिरहेको बताउनुभयो।

उहाँले दुई देशबीचको आपसी व्यापार तथा अनुभव आदानप्रदानले दुवै देशका जनता तथा सरकारले फाइदा लिन सक्ने प्रशस्त सम्भावना रहेकाले यो सम्बन्धलाई आगामी दिनमा अझ प्रगाढ र मजबुत बनाउनुपर्ने कुरामा जोड दिए। नेपाल र गणतन्त्र इन्डोनेसियाबीच सन् १९६० मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएको थियो। नेपालका लागि इन्डोनेसियाको राजदूतको आवासीय कार्यालय बंगलादेशको राजधानी ढाकामा छ।

इन्डोनेसिया आसियान राष्ट्रहरू मध्येको ठूलो अर्थतन्त्र भएको मुलुक हो। नेपाल र इन्डोनेसिया बीचको व्यापारको परिमाण पनि ठुलो छ। दुई देशबीच पर्यटनलगायत आयात निर्यात व्यापारका क्षेत्रमा थुप्रै सम्भावनाहरू रहेका छन्।

झण्डोत्तोलन कार्यक्रममा नेपालमा बसोवास गर्दै आइरहेका इन्डोनेसियन मूलका नागरिक, वाणिज्य दूत कार्यालय तथा आईएमई ग्रुपमा कार्यरत कर्मचारीहरूको उपस्थिति थियो।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२/०५/०२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको कर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानुनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरधरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/१६ मा दर्ता नं. २२०१८८/०७६/०७७ कायम भई दर्ता भएको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ९ स्थित स्वाक्स डि.सी. नेटवर्क प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कुमी नन्द त्रिपाठीको नाति, बोधराज त्रिपाठीको छोरा, कास्की जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको सुबोध त्रिपाठी (ना.प्र.प.नं.: ११७, काठमाण्डौ)
२. प्रेम प्रसाद सुवेदीको नाति, जय प्रसाद सुवेदीको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको दिनेश सुवेदी (ना.प्र.प.नं.: २७१०६०/१०१२७९, काठमाण्डौ)
३. रुद्र प्रसाद तिमल्सीनाको नाति, श्याम प्रसाद तिमल्सीनाको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको विनोद तिमल्सीना (शर्मा) (ना.प्र.प.नं.: १६२७७, ललितपुर)

**संस्थागत जमानतकर्ताहरुको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०६/१७ मा दर्ता नं. २७४२५१/०७८/०७९ कायम भई दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २ स्थित ग्रोड लिंक नेटवर्क एण्ड कम्युनिकेशन लि.

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/११/१० मा दर्ता नं. १८४३९१/०७४/०७५ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२ स्थित फ्युचर लिङ्कस कम्युनिकेशन प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताको विवरण**

पशुपति शर्माको नाति, गणेश शर्माको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स/उ.म.न.पा. वडा नं. १०, स्थित स्थायी ठेगाना भएको ध्रुव शर्मा (ना.प्र.प.नं.: २०५३०/०५२, चितवन)

**३. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/०३/२८ मा दर्ता नं. ६४०७४/०६५/०६६ कायम भई दर्ता भएको मकवानपुर जिल्ला, हटिया गा.वि.स वडा नं. ७ स्थित मकवानपुर सामुदायिक मिलन प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. पशुपति शर्माको नाति, गणेश शर्माको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स/उ.म.न.पा वडा नं. १०, स्थित स्थायी ठेगाना भएको ध्रुव शर्मा (ना.प्र.प.नं.: २०५३०/०५२, चितवन)
२. दश नारायण डंगोलको नाति, फते नारायण डंगोलको छोरा, मकवानपुर जिल्ला, हेटौडा गा.वि.स/उ.म.न.पा वडा नं. १०, स्थित स्थायी ठेगाना भएको अशोक कुमार डंगोल (ना.प्र.प.नं.: ५८४, मकवानपुर)
३. सिद्धि बहादुर महतको नाति, रमेश बहादुर महतको छोरा, मकवानपुर जिल्ला, हेटौडा गा.वि.स/उ.म.न.पा वडा नं. ५ स्थित स्थायी ठेगाना भएको मिमसेन महत (ना.प्र.प.नं.: १८८२, मकवानपुर)
४. कृष्ण बहादुर कडुवालको नाति, शेर बहादुर कडुवालको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ९ स्थित स्थायी ठेगाना भएको थिरा कडुवाल (ना.प्र.प.नं.: २००७६, रुपन्देही)
५. रण बहादुर अधिकारीको नाति, रत्न बहादुर अधिकारीको छोरा, रामेछाप जिल्ला, बिजुलिकोट गा.वि.स/उ.म.न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भएको हेर बहादुर अधिकारी (ना.प्र.प.नं.: ७५७७/४००९२, रामेछाप)
६. बल बहादुर भट्टराईको नाति, प्रेम बहादुर भट्टराईको छोरा, रुपन्देही जिल्ला, परोहा गा.वि.स/न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको मनोज भट्टराई (ना.प्र.प.नं.: १४९५, रुपन्देही)
७. पूर्ण प्रसाद सतिवडाको नाति, कृष्ण प्रसाद सतिवडाको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ७, स्थित स्थायी ठेगाना भएको नवराज सतिवडा (ना.प्र.प.नं.: २३००९, रामेछाप)
८. मान बहादुर राईको नाति, राम बहादुर राईको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ५ स्थित स्थायी ठेगाना भएको श्याम बहादुर राई (ना.प्र.प.नं.: २०-१६५, मकवानपुर)
९. हरिलाल श्रेष्ठको नाति, कृष्ण बहादुर श्रेष्ठको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. २, स्थित स्थायी ठेगाना भएको सूर्य बहादुर श्रेष्ठ (ना.प्र.प.नं.: २४१४१, मकवानपुर)

# मनीषा @ ५५



**‘फेरि भेटौंला’** फिल्मबाट पहिलो पटक सिनेक्षेत्रमा पाइला टेकेकी मनीषा कोइराला बलिउडमा ‘सौदागर’बाट चर्चित भइन्। उनको पोल्टामा ‘बम्बे’, ‘अग्निसाक्षी’, ‘गुप्त’, ‘कच्चे धागे’, ‘कम्पनी’जस्ता सुपरहिट फिल्म परे। अझैपनि उनको अभिनय ‘१९४२ ए लभ स्टोरी’मा उत्तिकै रुचाइन्छ। ‘अकेले हम अकेले तुम’मा उनको अविष्मरणीय अभिनयलाई अझ विस्तार गर्ने काम ‘खामोशीः द म्युजिकल’ले गर्‍यो। उनको अभिनयको सबैभन्दा उम्दा प्रदर्शन ‘दिल से...’ले गर्‍यो।

त्यसयता उनको करियरमा अविष्मरणीय काम हेर्न नपाए पनि गएको वर्ष नेटफ्लिक्समा सञ्जय लीला भन्सालीको ‘हीरामण्डीः द डायमण्ड बजार’ले उनलाई पर्दामा पुनःस्थापित गरिदियो। उनको आत्मकथा ‘जिजीविषा’लाई नेपाली पाठकले राम्रै स्वागत गरेका थिए। हिजोबाट मनीषा ५५ वर्ष पुगेकी छन्।

# ८२ वर्षपछि किताब फिर्ता

अमेरिकाको सान एन्टोनियोको सार्वजनिक पुस्तकालयमा ८२ वर्षपछि एउटा पुस्तक फिर्ता गरिएको छ। पुस्तकभित्र एउटा टिप्पणी पनि लेखिएको छ, हजुरआमाले अब यसको पैसा तिर्न सक्नुहुन्न।


फिर्ता गरिएको पुस्तक फ्रान्सिस ब्रुस स्ट्रेनले लेखेका हुन्। उनी वैवाहिक तथा पारिवारिक समस्याका बारेमा सल्लाह दिने थेरापिस्ट थिए। पुस्तकको नाम हो, ‘योर चाइल्ड, हिज फ्यामिली एन्ड फ्रेन्ड्स’।

यो पुस्तक सन् १९४३ को जुलाईमा पुस्तकालयबाट लगिएको थियो। पुस्तक लगिएको ८२ वर्षपछि यो पुस्तक पत्रमा लेखिएको छ, ‘यो पुस्तक मेरी हजुरआमा मारिया डेल सोकोरो आल्द्रेते फ्लोरेस (कोर्टेज) ले लग्नु भएको हुनुपर्छ। त्यो वर्ष उहाँ मेक्सिको सिटीमा अमेरिकी दूतावासमा काम गर्न जानुभएको थियो। सम्भवतः पुस्तकालयबाट पुस्तक लगेपछि जागिरको व्यस्तताले उहाँले फर्काउन बिर्सनुभएको पनि हुनसक्छ।’

त्यसबेला यो पुस्तक निकै लोकप्रिय थियो। सिनसिनाटी इन्क्वायररले सन् १९४३ को जून महिनामा यसलाई ‘बालबालिकाको परिवार र बाहिरी संसारसँगको व्यक्तिगत सम्बन्धबारे पूर्ण मार्गदर्शक पुस्तक’ भनी टिप्पणी गरेको थियो। पुस्तकका बारेमा न्यूयोर्क टाइम्स जरिवाना गरिने चेतावनी लेखिएको छ। मुद्रास्फीति हिसाब नगर्दा पनि यो जरिवाना आज करिब ९०० अमेरिकी डलर पुग्ने देखिन्छ।

अमेरिकी श्रम तथ्यांक ब्यूरोको इन्फ्लेशन क्यालकुलेटरअनुसार, १९४३ को जुलाईमा ३ सेन्ट आजको मूल्यमा ५६ सेन्ट हुन्छ। त्यस हिसाबले कुल जरिवाना १६ हजार डलरभन्दा बढी हुन्छ।

पुस्तकालयले अझै पनि पुस्तकको अवस्था ‘राम्रो’ रहेको जनाएको छ। यो पुस्तक अगस्ट महिनाभरि शहरको केन्द्रीय पुस्तकालयमा प्रदर्शनीमा राखिने बताइएको छ। त्यसपछि, यो ‘फ्रेण्ड्स अफ सान एन्टोनियो पब्लिक लाइब्रेरी’लाई



अघिल्लो महिना ओरेगनस्थित एक व्यक्तिले फिर्ता गरेको पुस्तकालयले जनाएको छ।

‘हालै मेरा बा बितेपछि उहाँले पोको पार्नुभएको केही बाकसहरू देखेँ,’ चिठ्ठीमा लेखेका छन्, ‘शायद उहाँले यो पुस्तक फिर्ता गर्न भ्याउनुभएन वा बिर्सिनुभयो कि भनेर फिर्ता गरेँ।’

यो पुस्तकमा अभिभावकलाई आफ्ना बालबालिकाले व्यक्तिगत सम्बन्ध कसरी व्यवस्थित गर्ने भन्नेबारे सिकाउने उद्देश्यले लेखिएको थियो। यो पुस्तक जसले पुस्तकालय फर्काए, त्यो बेला उनका बुवाको उमेर ११ वर्षको मात्र थियो।

पत्रिकाले लेखेको छ, ‘यो किताबमा भावुक नभई बुद्धिमानीपूर्ण, संवेदनशील रूपमा यौन शिक्षाबारे प्रस्तुति दिइएको पुस्तक हो। दुई सन्तानकी आमा यी लेखिकाले निकै सुन्दर प्रस्तुति दिएकी छन्।’

पुस्तक फिर्ता गर्ने व्यक्तिले पत्रमा लेखेका छन्, ‘मैले किताब फिर्ता गरेको छु र पुस्तकालयले विलम्ब शुल्क नलिइयोस् भनी आग्रह गर्छु। यसको शुल्क अब हजुरआमाले तिर्न सक्नुहुन्न।’

सन् २०२१ यता पुस्तकालयले विलम्ब शुलक हटाइएको जनाएको छ। पुस्तकको भित्री कभरमा ढिला गरी पुस्तक फिर्ता गरे दैनिक तीन सेन्ट दान दिइनेछ भने पुस्तकालयलाई दान दिइने छ। अमेरिकामा यस्ता दुर्लभ घटनाका कथा बोकेका पुस्तकहरूलाई बढाबढमा किन्ने चलन छ। त्यसमाथि, ८२ वर्ष लामो समयपछि पुस्तक फिर्ता गर्नु लामो समय हो, तर विश्व कीर्तिमानी समय भने होइन।

गिनिज वर्ल्ड रेकर्ड्सअनुसार सबैभन्दा ढिलो फिर्ता गरिएको पुस्तक ‘सिड्नी ससेक्स कलेज, क्याम्ब्रिज विश्वविद्यालय, बेलायतमा १९५६ मा फिर्ता गरिएको पुस्तक थियो। सो पुस्तक सन् १६६८ मा करिब २८८ वर्षअघि पुस्तक फिर्ता गरिएको थियो तर त्यसबेला कुनै जरिवाना तिराइएको थिएन।


# ‘कलर अफ टी’ वृत्तचित्र महोत्सवमा पुरस्कृत

युरोपको ग्रिसमा भएको ‘१२ औं अन्तर्राष्ट्रिय वृत्तचित्र महोत्सव इरापेट्रा एन्ड अवार्ड्स’को अन्तर्राष्ट्रिय विधातर्फ ‘कलर अफ टी’लाई पुरस्कृत भएको छ।

१३ अगस्तमा आयोजकले आफ्नो वेबसाइटमा आधिकारिक रूपमा पुरस्कृत फिल्महरूको सूची सार्वजनिक गर्दै सोको जानकारी दिएको हो। ‘कलर अफ टी’ले मधेशका दलित आदिवासीको कथालाई रुचाएर पुरस्कार प्रदान गरेको जनाइएको छ।

तराई तथा मधेशमा रहेको जातीय भेदभावलाई निरन्तरता दिने सूक्ष्म आक्रमकता र हिंसाविरुद्ध मौन विद्रोहमाथि यो डकुमेन्ट्री बनाइएको छ। यसलाई लेखक तथा पत्रकार राज सरगमले निर्माण तथा निर्देशन गरेका हुन्। गएको जुलाई महिनामा पनि दक्षिण कोरियामा आयोजित दिगो विकास लक्ष्य २०२५ को लागि ‘कोरिया ग्योङ्गी अन्तर्राष्ट्रिय फिल्म महोत्सव’मा उत्कृष्ट पुरस्कार हात पारेको थियो।


यसैगरी जर्मनीमा आउँदो सेप्टेबर महिनामा आयोजना हुँदै गरेको ‘कोबानी अन्तर्राष्ट्रिय फिल्म महोत्सव’मा क्वार्टर फाइनलमा पुग्न सफल भएको छ।




# एल्बम ननिस्कँदै चर्चा



टेलर स्विफ्टको आगामी एल्बम रिलिज र उनले सुन्तला रङप्रति देखाएको मोह प्रशंसक र ठूला ब्रान्डहरूले सजिलै बुझेका छन्। अहिले यो ठूलो आर्थिक गतिविधिको केन्द्र बन्न पुगेको छ।



गएको बुधबार उनले प्रेमी तथा एनएफएल फुटबल स्टार ट्राभिस केल्ससँग न्यू हाइट्स पोडकास्टमा आफ्नो १२औं स्टुडियो एल्बम ‘द लाइफ अफ अ शो गर्ल’ चाँडै रिलिज गर्ने घोषणा गरेकी थिइन्।

सो घोषणालगत्तै उनीसँग एल्बम प्रचार र बिक्री-वितरणको अधिकार लिने केही कम्पनीहरूले हानाथाप नै गरे। हानाथाप गर्नुको कारण चाहिँ स्विफ्टले हरेक कुरामा उत्साह सिर्जना गर्ने र ठूलो आम्दानी गराउने क्षमता नै हो।

स्विफ्टको सांगीतिक टूर संसारकै सबैभन्दा बढी आम्दानी गर्ने टूरका रूपमा चर्चित छ। सन् २०२३ मा पोलस्टरले गरेको एउटा अनुसन्धानमा स्विफ्टको ‘एराज् टूर’ले संसारमै पहिलो पटक एक अर्ब डलर भन्दा बढी कमाउने कन्सर्टको कीर्तिमान बनाएको थियो।

उनले जहाँ-जहाँ कन्सर्ट आयोजना गरिन्, त्यहाँ-त्यहाँ कीर्तिमानी स्तरमा व्यापार भएको र गज्जबको आर्थिक लाभ दिएको थियो। त्यहाँ उनका हजारौँ प्रशंसकहरूले होटल, रेस्टुरेन्ट र विभिन्न मनोरञ्जन स्थलमा खुलेर खर्च गरेका थिए।

त्यसैले, यतिबेला कतिपय कम्पनीहरूले स्विफ्टको लोकप्रियता र प्रभावलाई प्रयोग गर्दै आफ्ना उत्पादनहरूलाई सुन्तले रङ प्रयोग गर्न थालेका छन्। एराज् टूरको अन्त्यतिर उनले सुन्तले रङको पोशाकमा देखिएका हुनाले त्यसलाई प्रयोग गरेका हुन्।

उनको यो नयाँ एल्बम कहिले निस्कने छ भन्नेबारे खुलासा गरिएको छैन। उनले एल्बमको बुकिङ भने शुरु गरिसकेकी छन्।

# बिक्न छाडे सारंगी, सुनिन छाड्यो धुन



पछिल्लो समय सारंगी बजाएर जीविकोपार्जन गर्ने गन्धर्व समुदायको संख्या घट्दै गएको छ। नयाँ पुस्तामा सारंगी बाजाप्रति रुचि नभएका कारण यसको संख्या घट्दै गएको हो।

गाउँमा सारंगी बाजा बजाउने मानिस नहुँदा बनाएका सारंगी बिक्रीमा पनि समस्या भइरहेको घोराही उपमहानगरपालिका-११ नयाँवस्ती निवासी डाइवर गन्धर्व बताउँछन्।

करिब तीन दशक बढी समयदेखि सारंगी बाजा बनाउँदै आएका डाइवर पछिल्लो समय आफ्नो पेसा संकटमा परेको बताउँछन्। सारंगी बजाउने मानिस कम हुँदै जाँदा बिक्री पनि हुन छाडेको भन्दै उनले भने, ‘पहिले सारंगी बिक्ने हुँदा राम्रै आम्दानी हुन्थ्यो, तर अहिले सारंगी बिक्नै छाडिसकेको छ। बनाउने काममात्र होइन, अब त कोठामा सजाएर राख्ने काम मात्र भएको छ।’

डाइवर गन्धर्वका अनुसार समय परिवर्तनसँगै गन्धर्वहरूले गीत गाउन र सारंगी बजाउन छाड्दै जाँदा यो पेसा नै ओरालो लागेको छ। पहिलेजस्तै सबैले गीत गाउने र सारंगी बनाउने गरे त राम्रै हुन्थ्यो होला तर अहिले गाउँमा सारंगी बजाउन जान्ने सीमित मानिसमात्र छन्।

गाउँमा सारंगी बजाउने मानिस नहुँदा बिक्री पनि हुन छाडेको उहाँले बताउनुभयो। गाउँमा सारंगी बजाउने कोही भए पो बनाएका सारंगी बिक्थे। अहिले बजाउने मान्छे नै छैनन्, त्यही भएर बिक्री पनि हुँदैनन्। बनाएका नबिक्दा थप नयाँ बनाउन पनि मन लाग्दैन। पहिले महिनामा सात-आठवटा सारंगी बिक्री हुने गरे पनि अहिले दुई-तीन जतिमात्र बिक्री हुने गरेको बताउँछन्।

त्यसैगरी, सारंगी बनाउने कलामात्र सङ्कटमा परेको होइन, आवश्यक सामग्रीको अभाव पनि मुख्य समस्या बनेको छ। सारंगी बनाउन राम्रो काठ चाहिने भए पनि पछिल्लो समय खमारी पाउनै समस्या भएको उनी बताउँछन्।

जिल्लामै सारंगी बनाउने आफूमात्र भएको भन्दै उनले भने, ‘आफ्नो मौलिक बाजा बजाउन र बनाउन नयाँ पुस्ताले चासो नदिने हो भने सारंगी बनाउन काठमात्र होइन, आफ्नो पहिचान नै हराउने जोखिम छ।’ सारंगी खोज्ने र खरिद गर्नेहरू घटेकोमा उनी निराशा व्यक्त गर्छन्।

सामुदायिक वनका कारण जंगलमा जान नपाइने र चिनेका काष्ठ उद्योगबाट खमारी काठ ल्याएर सारंगी बनाउने गरेको उनी बताउँछन्। उनका अनुसार साना आकारका सारंगी चार हजारदेखि पाँच हजार रुपैयाँसम्ममा बिक्री हुने गरेका छन् भने ठूला र आकर्षक डिजाइनका सारंगी नौदेखि १० हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको डाइवर बताउँछन्। सारंगीको महत्त्व र संरक्षण घट्दै जाँदा सारंगी बजाएरै जीविका चलाउनेलाई चिन्ता लाग्न थालेको छ। सारंगी बाजाको संरक्षण गर्दै, यसलाई व्यावसायिक बनाउन सके, कला संस्कृतिको संरक्षण र रोजगारीको अवसर सृजना हुने गन्धर्व समुदायका मानिस बताउँछन्।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला